साप्ताहिक

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

# गोरखा एक्सप्रेस

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४४ अंक ३३ २०८२ चैत ३ गते मंगलबार (March 17, 2026) मूल्य रू. १०/-

## संवाद, सहमति, सहकार्य

*संवाद, सहमति र सहकार्य वर्तमान नेपालको जरूरी सर्त हुन् । यिनै सर्तलाई नजरअन्दाज गर्दा ८ दशक पुराना पार्टीहरू असफल हुनपुगे । इतिहास साक्षी छ, यिनै सर्त पालना नगर्दा ठूला ठूला पार्टीहरू एउटा चुनावमा सफलता, अर्को चुनावमा असफल पनि भएका छन् । देशमा राजनीतिक मुद्दाहरू बाँकी छन्, यी मुद्दाहरूको किनारा लगाउने कार्य निर्वाचनमा प्राप्त मतका साथै संवाद, सहमति र सहकार्यको बलमा सम्भव छ । यही सम्भाबनामा यतिबेला रास्वपाले ध्यान दिनुपर्छ र यही नीति लिनु उचित हुनेछ ।*



## कार्की आयोगको प्रतिवेदनको रन्को

जेनजी आन्दोलनको जाँचबुझ गर्न गठित कार्की आयोगको प्रतिवेदन खोइ ? भन्ने माग भइरहेका बेलामा अन्तरिम सरकारले झारा टार्न खोजेको छ । जेनजी अभियन्ता रक्षा बमले भदौ २३ र २४ का घटनाको जाँचबुझ गर्न बनेको गौरीबहादुर कार्की नेतृत्वको आयोगको प्रतिवेदन पूर्ण रूपमा सार्वजनिक गर्न माग गरेकी छन् । तर अन्तरिम सरकारले निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्नुपर्ने समय आइसकेकाले कार्यान्वयन नयाँ सरकारले गर्नुपर्नेछ । जेनजीको माग छ- संवेदनशीलताको नाममा सत्यलाई जनताबाट टाढा राख्ने परम्परा नदोहोरियोस् ।

जनता जेनजी आन्दोलनमा कसरी र कसको कमजोरीले नरसंहार भएको हो, पढ्न र बुझ्न चाहन्छन् । दोषीमाथि कारवाही हुनुपर्छ भन्ने जनभाव रहेको छ । सबैको माग छ- आयोगको प्रतिवेदन पूर्ण रूपमा सार्वजनिक गरियोस् ।

## नेमकिपा अस्तायो, रूकेश उदाए



भक्तपुरलाई नेमकिपाको गढ मानिन्थ्यो । सधैं यो क्षेत्रमा नेमकिपाले निर्वाचन जित्दै आएको थियो । तर फागुन २१ को निर्वाचनमा रास्वपाले रूकेश रंजितलाई उमेदवार बनायो । जेनजी आन्दोलनमा राज्यले गरेको दमन र मच्चाएको रक्तपातको पीडामा भक्तपुर पनि छटपटिएको थियो, चुनावी नतिजा रास्वपाको पक्षमा गयो । भक्तपुरमा नेमकिपाको गढ भत्कियो । नेमकिपा अस्तायो । रास्वपाका रूकेश रंजितको जितले नयाँ इतिहास सुरू भएको छ । यद्यपि रूकेशले भक्तपुरको मौलिकता जोगाउँदै विकासमा अग्रसर हुने बताएका छन् । स्मरणीय छ, नेमकिपाले सरकारमा जाने पटक पटक अवसर पाएको थियो तर सधैं प्रतिपक्षीमा बस्यो र जनताको आवाज उठाइरह्यो । नेमकिपा भ्रष्टाचारविरोधी पार्टी हो र यो पार्टीले भ्रष्टाचार गरेको कहिल्यै कसैले सुनेनन् ।

## मन जिते, मत हारें – रेणु दाहाल



भरतपुर महानगरकी मेयर रेणु दाहालले निर्वाचन हारिन् । भरतपुरलाई विकासको रिमीझिमी पार्न अग्रसर भएकी रेणु दाहालले निर्वाचनमा पराजित भएपछि भनेकी छिन्- जनताको मन जितें, मत जित्न सकिन । हारें ।

रेणु दाहाल बाबु प्रचण्डकै कारणले हारेकोमा शंका छैन । प्रचण्ड जनयुद्ध गर्दैथिए, माडीमा यात्रुबसमाथि माओवादीले बम हानेर धेरैको ज्यान लियो । त्यसपछि प्रचण्ड ३ पल्ट प्रधानमन्त्री बने । उनले कुनै राम्रो काम गरेको रेकर्ड रहेन । यद्यपि चितवनबाट गोरखा पुगेर चुनाव जितेका प्रचण्ड यसपल्ट रूकुमपूर्व पुगेर चुनाव जिते तर छोरी रेणु दाहाल र बुहारी बिना मगरलाई जिताउन सकेनन् ।

## हार्नै नहुने नेता सुनिल र कुलमान



मोरङबाट कांग्रेसका उमेदवार सुनिल शर्मा र काठमाडौं ३ बाट उज्यालो पार्टीका अध्यक्ष कूलमान घिसिङ जिते हुन्थ्यो भन्ने धेरैको मत थियो । सुनिल जनतालाई स्वास्थ्य सुविधामा मन खोलेर सहयोग गर्ने व्यक्ति हुन् भने कूलमान घिसिङ नेपाललाई लोडसेडिङ मुक्त बनाउने सक्षम प्रशासक । रास्वपामा छिरेर पनि निस्कनु कूलमानको भूल भयो । कूलमान कूल भए ।

सुनिल शर्माले हार स्वीकार गरे । जनताले मन दिए मत दिएनन् भनेर चित्त बुझाएका छन् । पार्टीमा उठेको हुँडलोतिर हेर्दै शर्माले भनेका छन्- गगन थापाको राजीनामा मागेर सभापति फेर्ने होइन, कांग्रेसलाई शून्यबाट उठाउने बेला आयो ।



## ओलीसँगै बस्नेत पनि

पत्रकार राजिव खत्रीलाई रास्वपाले भक्तपुर २ मा उठायो । उनका प्रतिद्वन्दी थिए केपी ओलीका दाहिना हात मानिएका महेश बस्नेत । महेश बस्नेतले नेशनल भोलिन्टियर फोर्ससमेत गठन गरेका थिए । उनको तुजुक हेर्नलायक थियो । निर्णय फोर्सले होइन, जनताले गर्ने रहेछन्, गरिदिए । झापामा ओलीलाई बालेन्द्र साहले हराइदिए, भक्तपुरमा महेश बस्नेतलाई राजिव खत्रीले । बालेन्द्र र राजीवले निर्वाचन जित्दा एमाले बृत्त किन खुशी छ, त्यो भने अचम्मका साथ हेरिएको छ ।



## जित पनि आम्दानी पनि

शिक्षामन्त्री हुँदा मन्त्रालयमै खाट हालेर सुत्ने, ढिंडो पकाएर खाने, सुरक्षागार्ड चाहिंदैन भन्ने महावीर पुनले आफूले शिक्षामा गर्न खोजेको परिवर्तन गर्न नपाएपछि राजीनामा दिएर म्याग्दी गए, निर्वाचनमा होमिए ।

उनलाई निर्वाचनमा म्याग्दीवासीले जिताइदिए । चुनाव त जिते, चुनावसँगै उनले ५६ लाख आम्दानी पनि गरे । म्याग्दीबासीले मत दिए, मतसँगै चुनाव खर्च भनेर पैसा पनि दिए । उनले आफ्नो खर्च बुझाउँदा आम्दानीको रेकर्ड पनि बुझाइदिएका छन् । यस प्रकारको खुलस्त उमेदवार उनी एक्ला हुन् ।

चुनावमा खर्च २८ लाख ६८ हजार ८६८ भएको र बाँकी रकम २७ लाख ६९ हजार २५ म्याग्दीमा २ कर्मचारी, कार्यालय खोलेर म्याग्दीबासीको प्रशासनिक वा अन्य समस्यामा खर्च गरिने जनाउ पनि दिएका छन् । महावीर पुनले १६ जना सहयोगी लिएर ४५ दिन बिकट गाउँहरू पुगेर आफ्नो प्रचार गरेका थिए । नागरिकको सहजीकरणका लागि कार्यालयनै खोल्ने पनि महावीर एक्लावीर हुन् ।

# नयाँपुस्तालाई मतपत्रको भारी

*जनताले रास्वपाको काँधमा मतपत्रको भारी थमाइदिएका छन् । अन्तिम परिणाम आइसक्दा पनि रास्वपालाई सरकार गठन गर्न किन सकस भइरहेको होला ? यो प्रश्न र थप प्रश्न उठेको छ- रास्वपाले बोक्न सक्ला यो मतपत्रको भारी ?*

*कांग्रेस, एमाले, नेकपा (माओवादी) मधेशका पार्टीहरूले नराम्ररी चुनाव हारेका छन् । उनीहरूको दशौं लाख सदस्य रहेको पार्टी र भातृत्वको संगठन प्रभावित हुनसकेन । जनताको मौन बिद्रोह र विवेकपूर्ण निर्णयले जनादेश दिएको छ- जो निर्वाचन हारेका छन्, तिमीहरू सच्चिउ, सम्हालिउ र सुध्रिउ । फागुन २१ को निर्वाचनपछि एउटा मान्यता स्थापित भएको छ- सधैं मासुभात ख्वाएर, पैसा दिएर भोट किन्न र चुनाव जित्न सकिदैन । निर्वाचन जनप्रतिनिधि चयन गर्ने प्राविधिक प्रकृयामात्र होइन, यो त आमनागरिकको सामुहिक आवाज, अपेक्षा, आकांक्षा र भविष्य निर्धारण गर्न दिने पञ्जाछापजस्तै राजनीतिक जननिर्णय हो ।*

*निर्वाचनले नागरिक चेतको मापन पनि गर्छ । जनविश्वास नजिति चुनाव जित्न सकिदैन भन्ने मान्यता पनि प्रवाह गर्छ । यसपल्टको निर्वाचनले यी दुबै मान्यता देखाएको छ । निर्वाचनमा देखिएको अपार जनउत्साह, सहभागिता र परिवर्तनप्रतिको उत्कट जनउभारले नयाँ नेपालको निर्माणको सन्देश दिएको छ । यसकारण विश्लेषकहरूले समेत भनेका छन्- यसपल्टको निर्वाचन अर्थपूर्ण छ ।*



पुराना पार्टी जो राजनीति र सत्तामा ठालु बनेर बसेका थिए, नेपाली कांग्रेस माडियो, कम्युनिष्टहरू फाँडिए । नयाँ पार्टी रास्वपाको उदय भयो । रास्वपाले ५ वर्ष उत्साहका साथ सत्ता हाँक्नेछ, परिवर्तनको आभाष दिलाउने छ ।

रास्वपाका सभापति रवि लामिछाने र बरिष्ठ नेता बालेन्द्र साहको हातेमालोले देशलाई घण्टीमय बनायो । यो हातेमालोले भ्रष्टाचार र भ्रष्टाचारीविरूद्ध कुन हदसम्म घण्टी बजाउन सक्ला ? रवि र बालेनको यात्रा ५ वर्ष होला कि नहोला ? रविको राजनीति र बालेनको राजनीतिमा उदय, यतिबेला विश्वभरि नै चर्चित छ । खासगरी दुई ठूला छिमेकी भारत र चीनमा त नीति कस्तो होला भन्ने उत्कट जिज्ञासासमेत बढेको छ । यिनको सहकार्य टिकाउमा नै नेपालको सत्ता राजनीति र प्रशासनिक परिवर्तन निर्भर रहेको टिकाटिप्पणी सुरू भएका छन् ।

बालेनले चुनावमा काम देउ भनिरहँदा जनता खुशी देखिए । रविले अब हामी परिवर्तन ल्याएर देखाउँछौं भन्दा पार्टीहरू हच्किएका थिए । यस्तो जनउत्साह यी दुबैको सहकार्यमा सफल हुनसक्नेछ । अन्यथा धक्का लाग्नेछ ।

स्थापित पार्टीहरू जनआँखामा साह्रै नै गनाएका र घृणायोग्य बनिसकेको अवस्थामा नयाँ दलहरू उदाएका हुन् । विशेष रूपमा चर्चित व्यक्ति हुन् रवि र बालेन्द्र साह । चुनाव प्रचारमा यिनको सभ्य शैली पनि सबैले मन पराएका हुन् । चुनाव जितेपछि पनि यिनले सभ्यता भुलेका छैनन्, प्रतिषोध साध्दैनौं, सुशासन दिन्छौं भनेका छन् । यी परिवर्तनका बाहकले जेनजी पुस्ताले चाहेको परिवर्तन दिन्छन् दिन्नन्, परीक्षा सुरूभयो ।

नेपालको सत्ता यिनै दुईको हातमा आएको छ । यसकारण सहकार्य टिकाउ हुनुपर्छ भन्ने आवाज उठ्नथालेको हो । रविले रास्वपा स्थापित गरे, चर्चित छन् । बालेनले सहकार्य गर्नासाथ राजनीतिमा आँधीजस्तो लहर चल्यो । निर्वाचन जित्यो, सहज पनि भयो । तर राजनीति भनेजस्तो सहज हुँदैन, ढुंगा पनि चपाउनुपर्ने हुन्छ ।

जनताले मतपत्रको भारी बोकाइदिएपछि यी दुई नेतावीच फाटो ल्याउन अनेक प्रयत्न सुरू भएका छन् । रविले आफ्नो डाइनामिजम र पीआर राजनीतिलाई बालेनको कामगर्ने र मौन बस्ने चरित्रमा जोड्न सके भने जनताले भिराइदिएको मतको भारी बोक्न रास्वपालाई त्यति मुस्किल पर्नेछैन । बालेनले गर्न चाहेको व्यवस्थापन, संविधान संशोधन, नियम कार्यान्वयन र सुशासन सहजै गर्न सक्ने देखिन्छ । बालेन कुरामा भन्दा काममा विश्वास गर्ने भएकाले पार्टी र भाषण रविले र शासन बालेन्द्रले सम्हाल्ने हो भने रास्वपाले राजनीतिमा ल्याएको नयाँ प्रयोग सफल हुनेछ ।

रास्वपाले राजनीतिलाई समाज बदल्ने औजारका रूपमा स्थापित गर्ने मौका छ, मतको भारीले पनि काम मागेको छ । बालेन प्रधानमन्त्री बनेपछि देखिने कठोर निर्णय र निर्णय कायान्वयनमा ठूलै तरङ्ग आउन सक्छ, त्यो तरङ्गलाई बोक्न रास्वपा तैयार हुनुपर्छ, रविले बालेन्द्रलाई सघाउन सक्छन्, राजनेता बन्नसक्छन् ।

## कार्कीको नेपोटिज



'मैले विषम परिस्थितिमा दायित्व पूरा गरें, अब पुरानै जीवनमा फर्कन्छु' अन्तरिम प्रधानमन्त्रीले भनेकी छिन् ।

तिनै प्रधानमन्त्री जो चुनावको सफलताले वाहवाही पाइरहेकी प्रधानमन्त्री सुशीला कार्कीले सत्ता हस्तान्तरण गर्ने बेलामा अलोकप्रिय निर्णय गरेकी छिन् ।

हप्ताभरमै नयाँ सरकार बन्ने तरखर हुँदैछ । तर प्रधानमन्त्री कार्कीले आफ्ना प्रमुख स्वकीय सचिव आदर्शकुमार श्रेष्ठलाई प्रकृति संरक्षण कोषको कार्यकारीमा नियुक्ति दिने निर्णय गरेकी छिन् । यसअघि उनले यिनै श्रेष्ठकी श्रीमतीलाई पनि यस्तै निर्णय गरेकी थिइन् । नेपोटिजमबाट मुक्त नभएको चरित्र देखाउँदा आलोचना भइरहेछ ।

पहिले पहिलेका सरकारले पनि सत्ता छाड्ने बेलामा आफन्तलाई पुरस्कारका रूपमा यस्तै निर्णय गर्ने गरेको इतिहास छ । जुन प्रकारको बिकृति विरूद्ध जेनजी आन्दोलन भयो, सुशासनका लागि भनेर निर्वाचन भयो, त्यस्तै बिकृतिको जरामा पानी हालेर जानु प्रम सुशीला कार्कीको प्रशंसामा घून लागेजस्ते भएन र ?

## जनताले किन गरे ऐतिहासिक फैसला ?




१९७७ मा रणचण्डी मानिएकी भारतकी प्रधानमन्त्री इन्दिरा गान्धीले आफ्नै सुरक्षित सिट मानिएको क्षेत्रमा चुनाव हारिन् । कारण थियो, नसवन्दी र जनतामाथि अन्याय, अत्याचार र संकटकाल । आज भारतमा कांग्रेस आई कमजोर छ, २०१४ देखि निरन्तर भाजपाका नरेन्द्र मोदी सत्तामा छन्, भारत भाजपामय देखिन्छ ।

भारतकै पश्चिम बंगालमा ३४ वर्ष एकछत्र शासन गरेको थियो कम्युनिष्ट पार्टीले (१९७७-२०११) । सन २०११ को चुनावमा कम्युनिष्ट पार्टीलाई तृणमूल कांग्रेस (ममता बनर्जी)ले हराइदिइन् । आजसम्म पनि उनकै शासन निरन्तर छ । पश्चिम बंगालमा मात्र होइन, पुरै भारतमा कम्युनिष्ट सिलाखोज्दा पनि नपाइने स्थिति छ ।

लोकतन्त्रमा जुनसुकै पार्टी वा नेता जतिसुकै बलवान, शक्तिशाली देखिए पनि जनताले कठोर निर्णय गर्न बाध्य भए भने तिनीहरू लगभग समाप्तको स्थितिमा पुग्छन्, पाहा पछारिएझैं पछारिन्छन् । राजनीतिक शक्तिको मापन जनताको विश्वासमा अडेको हुन्छ ।

यसकारण राजनीतिमा सिद्धान्त, निष्ठा, नीति र व्यवहार प्रष्ट हुनैपर्छ । चरित्रहीन हुनु र जनताप्रति जवाफदेही नहुनु भनेको जनताको नजरबाट गिर्नु हो । एउटा अर्को उदाहरण छ क्यानडाको । क्यानडामा भएको १९९३ भएको चुनावमा पूर्ण बहुमत भएको द प्रोग्रेसिभ कन्जरभेटिभ पार्टी अफ क्यानर्डाको जम्मा २ सिट जित्न सफल भयो । यस्तै अवस्था यतिबेला नेपाली कांग्रेस, एमाले, नेकपा (माओवादी)को भयो । मधेसवादी दलहरू त शून्यमै झरे । यसको कारण जनताको नैराश्यता हो । विश्वको इतिहासमा सत्ताको शिखरबाट पार्टी र नेताहरू कसरी भुइँमा पछारिन्छन्, अनेक उदाहरण छन् । नेपालमा २०१५ सालमा कांग्रेसको दुई तिहाई थियो । बहुदल आएपछिको ३७ वर्षमा कांग्रेस, एमाले, माओवादी, मधेसवादीले ३० पल्ट प्रधानमन्त्री फेरे, आलोपालो सरकार चलाए । २०८२ फागुन २१ को निर्वाचनमा ठूला दल र मधेशवादीहरूको हारको कारण सिद्धान्तहीनता, अवसरवादिता, भ्रष्टाचारमा लिप्त हुनु, परिवारवाद चलाउनु, जनताप्रति जवाफदेही नहुनु नै हो । ४ वर्ष अघि जन्मिएको रास्वपाले झण्डै दुई तिहाइमा जित हासिल गरेको छ । यो जनताको गजबको निर्णय मानिएको छ, । जनतामा न्यायपूर्ण समाजको सपना साकार हुने विश्वास पलाएको देखिन्छ ।

कांग्रेसले सत्ता र भ्रष्टाचारका लागि नीति र निष्ठा गुमायो । कम्युनिष्ट र मधेशवादीहरूले जता पनि घोटालामा रमाए, भ्रष्टाचारका अनेक काण्डहरू गरे । जनाधिकारमा समेत व्यापार गरेर नवसामन्त बने । यसैको कारण हो, आज भारतमा कांग्रेस आई र नेपालमा नेपाली कांग्रेस उस्तै अवस्थामा पुगेका छन् । कम्युनिष्टहरू पश्चिम बंगाल वा भारतीय कम्युनिष्ट सीताराम याचुरीजस्तै लोप हुने अवस्थामा पुगेका छन् ।

अचानक रास्वपा राजनीतिको मूलधार बनेको छ ।

बहुदलपछि निरन्तर आर्थिक बिचलन, बैचारिक स्खलन र नैतिकपतन पार्टीहरूको पराजयको कारण हो । इतिहासले पार्टी टिक्ने होइन रहेछ । इतिहास त कांग्रेस, एमाले, माओवादीको लामै छ । यिनले पटक पटक जनताको विश्वास पनि पाएकै हुन् । तर जनविश्वासलाई कायम राख्न नसक्नु यिनको कमजोरी हुनपुग्यो । पार्टी र ठूला नेताहरूको पतनको श्रृङ्खला सतहमा देखियो । परिवर्तनमा महत्वपूर्ण भूमिका खेलेका पार्टीहरू आज डाइनासोरजस्तै अलप हुनेअवस्थामा पुगे । जनताको आवाज नसुन्दाको परिणाम यस्तै हुन्छ । राजनीतिक परिदृश्य आश्चर्यजनक रूपमा परिवर्तन हुन्छ । ६ महिनाअघि जन्मिएको हर्क साम्पाङ्को इज्जत छ, तर ठूला र पुराना नेता र पार्टीहरूको इज्जत धुलिसात हुनपुग्यो ।

अहङ्कार, दम्भ, बाहुबली चरित्र, अपराधको संरक्षण गर्ने प्रवृत्ति जनताले मन पराएनन् । भ्रष्टाचारका अनेक काण्ड, राष्ट्रलाई लूटको अखडा बनाउने र राज्यसञ्जाललाई पार्टीकरण गर्ने प्रवृत्ति पनि जनताले मन पराएनन् । लोकतन्त्र भनियो, लोकतान्त्रिक चरित्र कुनै नेतामा देखिएन । समाजवाद भनियो, लूटबाद चलाइयो । किसान, मजदुर, आमबर्गका लागि ध्यान दिइएन । खासगरी युवापुस्तालाई दमन गरियो । अनि जनताले भ्रष्टाचार बिरूद्ध, सुशासनको पक्षमा निर्मम फैसला गरेका हुन् ।

# मेरो तलवभत्ता दु:खीलाई




राज्यकोषबाट तलव भत्ता लिन्न, जे पाउँछु पिछडिएको बर्गमा खर्च गर्छु । तनहुँ क्षेत्र नं. २ बाट नवनिर्वाचित सांसद ई. श्रीराम न्यौपानेले राज्यकोषबाट प्राप्त हुने कुनै पनि नगद तलब र भत्ता नलिने सार्वजनिक घोषणा गरेका छन् । सांसद न्यौपानेले आफू राष्ट्र सेवा र जनताको कामका लागि समर्पित हुन राजनीतिमा आएको बताएका छन् ।

उनले भनेका छन्-"म आफ्नो आम्दानीबाटै आफू र आफ्नो परिवार पाल्न सक्षम छु । त्यसैले जनताले तिरेको करबाट प्राप्त हुने कुनै पनि नगद तलब, भत्ता वा नगद सुविधा म लिने छैन ।' उनले राज्यबाट प्राप्त हुने उक्त रकमलाई पारदर्शी ढंगले तनहुँ-२ का आमा समूह, पिछडिएको वर्ग, वृद्धवृद्धा, बालबालिका, र अपाङ्गता भएका व्यक्तिहरूमा खर्च गर्नेछु ।



सुरूमै काठमाडौं ९ बाट निर्वाचित राष्ट्रिय स्वतन्त्र पार्टीका उपसभापति डीपी अर्याल बिबादमा परेका छन् । उनले बालेन शाहलाई प्रधानमन्त्री बनाउने सहमतिबारे आएका समाचारहरू भ्रमपूर्ण रहेको दाबी गरेपछि पार्टीले प्रष्टिकरण सार्वजनिक गर्नुपरेको थियो । पछि उनले आफैलाई करेक्शन गर्दै भनेका छन्- बालेन शाह र सभापति रवि लामिछानेबीच भएको ७ बुँदे सहमतिप्रति आफ्नो पूर्ण समर्थन रहेको स्पष्ट पारेका छन् । हामीबीच जे सहमति भएको छ, त्यो अक्षरश: पालना हुनेछ । त्यसमा एक इन्च पनि दायाँबायाँ हुने छैन ।

सञ्चारमाध्यमहरूले आफ्नो भनाइलाई तोडमोड गरेर प्रवासमा रहेका नेपालीहरूमाझ भ्रम छरेको उनको आरोप छ । उनले मिडियालाई थप जिम्मेवार बन्न आग्रह गर्दै भने, "तपाईंहरूका मिडिया यति विश्वासिलो बनून् कि सबैले हेर्न र सुन्न लायक होस् । हामीलाई विवादमा पारेर देश निर्माणको अभियानमा अवरोध नगर्नुहोला । उनले बालेन शाह र रवि लामिछानेका कारणले आज तपाईंहरूले मलाई चिन्नुभएको हो । उहाँहरू नभएको भए हामी यहाँ हुने थिएनौं भनेका छन् ।




एमालेको नेतृत्वमा रहेको तत्कालीन पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको सरकारमा रहेका सबै मन्त्रीहरूले फागुन २१ को चुनाव हारेका छन् । यति शर्मनाक हार हुँदा पनि एमाले अध्यक्ष ओलीले जिम्मेवारी लिएनन्, अध्यक्ष पदबाट राजीनामा दिएनन् । ४ वर्षे पार्टी रास्वपाले धक्का दिएको छ । नयाँ परिवर्तनको शंखघोष गर्दै मूलधारमात्र बनेन रास्वपा, पूर्ण बहुमतका साथ ५ वर्षका लागि सत्ताको बागडोर सम्हाल्दैछ । केपी ओलीलाई ६८,३४८ मत ल्याएर ५० हजारको अन्तरले बालेन शाहले हराएका छन् ।




जेनजी बिद्रोहका सूत्रधारका रूपमा रहेका पृथ्वीसुब्बा गुरूङ सञ्चारमन्त्री थिए, उनैले सामाजिक सञ्जाल बन्द गराएका थिए । उनलाई लमजुङको निर्वाचनमा रास्वपाका धर्मराज केसीले हराएका हुन् । गुरूङले १६,८७६ मत पाउँदा केसीले ३३,८९८ मत ल्याएर हराएका थिए ।

पञ्चायत, बहुदल र लोकतन्त्रमा १९ पल्ट प्रधानमन्त्री बनेका शरदसिंह भण्डारी महोत्तरी २ मा जनता समाजवादी पार्टीका तर्फबाट उमेदवार थिए । उनलार्य रास्वपाका दीपक कुमार साहले १०,१९८ मतका विरूद्ध ३२,७२२ मत ल्याएर पराजीत गरेका हुन् । यो पनि ऐतिहासिक राजनीतिक रेकर्ड नै हो ।

कलाकार तथा सामाजिक अभियन्ता निशा अधिकारीले चुनाव हारिन् । काठमाडौं ५ बाट चुनाव हारेकी हुन् । उनको चुनाव चिन्ह ब्याट्री चार्ज हुन सकेन । उनले पाएको मत जम्मा ९१ हो । हुन त झापामा उमेदवार भएका नेपालका नामी बुद्धिजीवी मानिने युवराज संग्रौलाले ६ सयमा चित्त बुझाउनु पर्‍यो ।

अबकी बार गगन सरकार भन्ने कांग्रेस सभापति गगन थापा सर्लाही क्षेत्र नं. ४ बाट उमेदवार बनेका थिए । त्यो क्षेत्रमा रास्वपाका डा. अमरेश कुमार सिंहले १२ हजार बढी मत ल्याएर जितेका छन् । उनले पहिले नै १० हजार बढीमतले हराउँछु भनेका थिए, उनको भविष्यवाणि मिल्न गएको छ ।

डा. सिंहले भिडियोमा गरेका मुख्य ५ भविष्यवाणी र दाबीहरू यस्ता थिए:

१. रास्वपाको एकल बहुमत र १६० सिटको दाबी गरेका थिए ।
२. रास्वपाले समानुपातिकमा मात्रै ५० लाखभन्दा बढी मत ल्याउँछ ।
३. मधेश र पहाडको दूरी अन्त्य हुनेछ ।
४. यो चुनावपछि कांग्रेसको पतन हुनेछ ।
५. न्यायालयमा कांग्रेस एमालेको खल्तीबाट न्यायाधीश नियुक्त हुनेछैनन् ।

उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले रास्वपाबाट रिसएर उज्यालो नेपाल पार्टी खोल्नु नै गलत भएको छ । उनले पूर्व नगरप्रहरीसँग हारेका छन् ।




धादिङका बाघ भनेर चिनिने राजेन्द्र पाण्डेले पहिलोपल्ट चुनाव हारेका छन् । एमालेका भूमि त्रिपाठीले चुनाव हार्नु ठूलो कुरा थिएन तर राजेन्द्र पाण्डेले नेकपाको तारा चुनाव चिन्हमा चुनाव लडे, हारे । यो हारलाई धादिङेहरूले आश्चर्य भनेका छन् । राजेन्द्र पाण्डेको संगठन नराम्ररी छताछुल्ल भएर सकिएको छ । रास्वपाको तर्फबाट आशिका तामाङले चुनाव जित्नु भुइँमान्छेको जित मानिएको छ ।




एमालेका अध्यक्ष केपी ओलीका दायाँ हात मानिएका विष्णु पौडेलले रूपन्देहीमा चुनाव हार्नु फागुन २१ को चुनावको अचम्म हो । पटक पटक अर्थमन्त्री बनेका विष्णु पौडेल धेरैवर्ष अघि सुकुम्वासीमा नाम दर्ता भएका व्यक्ति हुन्, पछि उनी एमालेको राजनीतिाम लागेपछि बालुवाटारको जग्गा छोराको नाममा किनेर चर्चित बने । पछि त्यो जग्गा फिर्ता गरेर दण्डबाट बचेका थिए । पद र शक्ति भएपछि जे पनि गर्न सकिन्छ, जस्तोसुकै अपराध पनि माफ हुन्छ भन्ने प्रमाणका रूपमा रहेका विष्णु पौडेलले चुनाव हारे, अब उनलाई पुरानो भ्रष्टाचार, जग्गा माफियाको फाइल खुल्ला र दण्ड भोग्नुपर्ला भन्ने भयले सताउन थालेको जानकारहरू बताउँछन् ।

# बदलिदो विश्व व्यवस्थामा साझेदारी सन्तुलन र रणनीतिक विश्वासको खोज



**प्रेमसागर पौडेल**

विश्व राजनीतिको केन्द्रबिन्दु अहिले एशिया-प्रशान्त क्षेत्रतर्फ सरेको छ । शक्ति सन्तुलनको यस ऐतिहासिक परिवर्तनको घडीमा हिमालय वारिको भूमि नेपाल पनि प्रभावित छ । विशाल चीन र समुन्नत भारतको मध्यभागमा अवस्थित नेपाललाई प्राय: गहुँको बाला र दुई ढुङ्गाको बीचको अवस्थासँग तुलना गरिन्छ । तर यो तुलनाले नेपालको सक्रिय कूटनीतिक भूमिकालाई न्याय गर्दैन । नेपाल केवल भूपरिवेष्ठित असहाय राष्ट्र होइन; ऊ आफ्नो परिवेशलाई बुझ्ने, आफ्नो हितको रक्षा गर्ने र अवसरहरूको सदुपयोग गर्ने क्षमता राख्ने एक सक्षम कूटनीतिक अभिकर्ता पनि हो ।

हिमाली शृङ्खलाहरूले भौगोलिक रूपमा दुई देशलाई छुट्ट्याए पनि, इतिहास र संस्कृतिले तिनलाई जोडेको छ । नेपालले सधैं यो जडानलाई आत्मीयताका साथ संरक्षण गरेको छ । चीनको अर्थतन्त्रले लिएको अभूतपूर्व गति, प्रविधिको क्षेत्रमा भएको फड्को र विश्व मञ्चमा बढ्दो प्रभावले नेपाललाई धेरै नयाँ सम्भावनाहरूको ढोका खोलिदिएको छ । त्यसैगरी, भारतसँगको ऐतिहासिक, सामाजिक र आर्थिक सम्बन्ध पनि नेपालको परराष्ट्र नीतिको अपरिहार्य पाटो हो । यी दुई शक्तिहरूसँग सन्तुलित सम्बन्ध राख्नु नेपालका लागि कहिल्यै पनि सजिलो थिएन, तर असम्भव पनि छैन ।

भूराजनीतिक दृष्टिले नेपाल एउटा 'बफर स्टेट' (Buffer State) को रूपमा परिचित छ । तर समय बदलिएको छ । अहिलेको परिवेशमा 'बफर' हुनुको अर्थ केवल पृथकतावादी रहनु होइन, बरू 'सक्रिय जडानकर्ता' (Active Connector) हुनु हो । नेपालले आफूलाई दुई ठूला अर्थतन्त्रबीचको पुलको रूपमा मात्र नभई, दुई फरक सभ्यता र बजारबीचको सेतुको रूपमा पनि स्थापित गर्न सक्छ । यसका लागि आवश्यक छ स्पष्ट दूरदर्शिता, सुदृढ आन्तरिक सहमति र एकीकृत राष्ट्रिय हितको बोध । नेपालको कूटनीतिले अब 'अलप' (अलि यता, अलि उता) को पुरानो शैली छोडेर 'एकीकृत, सन्तुलित र फलदायी' नयाँ शैली अवलम्बन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

पछिल्लो दुई दशकमा नेपाल-चीन सम्बन्धले अभूतपूर्व गति लिएको छ । यसको प्रमुख कारण हो, चीनले अवलम्बन गरेको 'समावेशी कूटनीति' (Inclusive Diplomacy) को अवधारणा । यो अवधारणा चीनको परराष्ट्र नीतिको मूल दर्शन 'शान्तिपूर्ण सहअस्तित्वका पाँच सिद्धान्त' र नयाँ युगको 'मानव जातिको साझा भविष्य' (Community with Shared Future for Mankind) को अवधारणासँग गाँसिएको छ । यसले नेपालजस्तो बहुदलीय लोकतान्त्रिक प्रणाली भएको देशमा चीनको कूटनीतिक उपस्थितिलाई एक नयाँ आयाम दिएको छ । तर, यही समावेशी नीति कहिलेकाँही नेपालभित्र एक चीन नीतिको पक्षमा उभिने मित्रशक्तिहरूबीच केही जटिल प्रश्नहरू पनि जन्माउने गरेको छ ।

चीनको समावेशी कूटनीति केवल रणनीतिक आवश्यकता मात्र होइन, यो चिनियाँ सभ्यताको ऐतिहासिक अनुभव र दार्शनिक चिन्तनको उपज पनि हो । पूर्वीय दर्शनको 'सबै प्राणीको कल्याण' को अवधारणाले चिनियाँ कूटनीतिलाई सधैं बहुपक्षीयता र समावेशितातर्फ उन्मुख गराएको छ । चीनको परराष्ट्र नीति कहिल्यै पनि अल्पकालीन स्वार्थ वा कुनै एक समूहको हितमा केन्द्रित हुँदैन । बरू यसले दीर्घकालीन स्थायित्व, पारस्परिक सम्मान र साझा विकासलाई प्राथमिकता दिन्छ । यही कारणले चीनले नेपालका विभिन्न राजनीतिक दल, नेताहरू, बुद्धिजीवीवर्ग, व्यापारिक समुदाय र नागरिक समाजसँग समानान्तर संवाद कायम राख्ने नीति अपनाएको छ । चाहे ती जुनसुकै विचारधारा, जातिका र धर्म मान्ने हुन वा विपरीत समूहका ।

यो व्यवहार कूटनीतिक दृष्टिले अत्यन्त व्यवहारिक र दूरदर्शी छ । नेपालजस्तो देशमा जहाँ सरकार परिवर्तनको गति तीव्र छ, जहाँ आजको विपक्षी शक्ति भोलिको सरकार बन्न सक्छ । त्यहाँ कुनै एक राजनीतिक समूह वा नेतासँग मात्र सम्बन्ध सीमित राख्नु दीर्घकालीन रणनीतिका लागि जोखिमपूर्ण हुन सक्छ । चीनले यो यथार्थलाई राम्ररी बुझेको छ । त्यसैले ऊ सरकार परिवर्तनसँगै आफ्नो सम्बन्धको निरन्तरता सुनिश्चित गर्न सबै राजनीतिक धारहरूसँग संवाद कायम राख्न चाहन्छ । यसो गर्दा ऊ आफ्नो दीर्घकालीन हितको रक्षा मात्र गरिरहेको हुँदैन, नेपालको आन्तरिक राजनीतिको जटिलतालाई पनि सम्बोधन गरिरहेको हुन्छ ।

एक चीन नीति चीनको मूल राष्ट्रिय हितको केन्द्रविन्दु हो । यो त्यो आधारशिला हो जसमा चीनले आफ्नो सार्वभौमिकता, क्षेत्रीय अखण्डता र राष्ट्रिय गौरवको रक्षा गर्दछ । नेपालले लामो समयदेखि यो नीतिप्रति निरन्तर समर्थन जनाउँदै आएको छ र आफ्नो भूमिबाट चीनविरूद्ध कुनै गतिविधि हुन नदिने प्रतिबद्धता व्यक्त गर्दै आएको छ । यो समर्थन चीनको लागि अत्यन्त मूल्यवान छ । तर चीनको समावेशी कूटनीतिको दृष्टिकोणले कहिलेकाँही केही नेपाली मित्रहरूमा भ्रम पैदा गरिदिन सक्छ । जब चीनले आलोचकहरूसँग पनि संवाद कायम राख्छ, तब एकचीन नीतिको पक्षमा उभिनेहरूको मनमा प्रश्न उठ्नु स्वाभाविक हो । के चीनले मित्र र शत्रुमा फरक गर्दैन ? चीनको नीति विरोधाभासपूर्ण छ ?

यी प्रश्नहरू स्वाभाविक छन् । तर यिनको उत्तर कूटनीतिक यथार्थवाद र चीनको दीर्घकालीन रणनीतिक सोचमा निहित छ । चीनले विभिन्न राजनीतिक धारहरूसँग संवाद कायम राख्नुको अर्थ उनीहरूको सबै दृष्टिकोण वा गतिविधिसँग सहमत हुनु होइन । बरू, यो संवादको माध्यमबाट गलतफहमी हटाउने, वैचारिक दूरी कम गर्ने र सम्भावित तनावलाई व्यवस्थापन गर्ने प्रयास हो । चीनको विदेश नीति कहिल्यै पनि 'शून्य-जम' (Zero–Sum) को दृष्टिकोणमा आधारित छैन । ऊ सधैं 'जित-जित' (Win–Win) को स्थिति खोज्छ । त्यसैले, एकातिर एक चीन नीतिप्रति अटल समर्थनको अपेक्षा गर्नु र अर्कोतर्फ व्यापक संवाद र सहकार्यको ढोका खुला राख्नु चीनको नीतिको दुई पाटा हुन् । जो एकअर्काका पूरक हुन्, विरोधाभाषी होइनन् ।

चीन-नेपाल सम्बन्धको अर्को महत्वपूर्ण पाटो हो आर्थिक सहकार्य । पूर्वाधार विकास, व्यापार, ऊर्जा, पर्यटन र कनेक्टिभिटीका क्षेत्रमा दुई देशबीच सहकार्य बढिरहेको छ । विशेषगरी चीनले अघि बढाएको बेल्ट एन्ड रोड इनिसिएटिभ (BRI) ले नेपाललाई क्षेत्रीय कनेक्टिभिटी र विकासको नयाँ सम्भावनासँग जोड्ने अवसर प्रदान गरेको छ । सन् २०१७ मा नेपाल यस पहलमा सहभागी भएपछि दुई देशबीच पूर्वाधार र आर्थिक सहकार्यको दायरा विस्तार भएको छ ।

चीनको दृष्टिकोणमा BRI केवल भौतिक पूर्वाधारको परियोजना मात्र होइन, यो 'जडताको लागि विकास' (Development for Connectivity) को दर्शन हो । यसले सहभागी राष्ट्रहरूबीच जनतासँग जनताको सम्बन्धलाई सुदृढ गर्ने, सांस्कृतिक आदानप्रदानलाई बढावा दिने र दीर्घकालीन आर्थिक समृद्धिको मार्ग प्रशस्त गर्ने लक्ष्य राख्दछ । नेपालका लागि यसले भूपरिवेष्ठित देशको समस्याबाट मुक्त हुने, भू-जडित देश (बिलम-ीष्लपभम ऋयगलतचथ) बन्ने एउटा ऐतिहासिक अवसर प्रस्तुत गरेको छ । ट्रान्स-हिमालयन बहुआयामिक कनेक्टिभिटी सञ्जालको विकासले नेपाललाई भविष्यमा दुई ठूला अर्थतन्त्रहरू बीचको पुल मात्र नभई आर्थिक गतिविधिको महत्वपूर्ण केन्द्र बनाउन सक्छ ।

यद्यपि, नेपाल-चीन सम्बन्ध पूर्ण रूपमा चुनौतीरहित छैन । नेपालको आन्तरिक राजनीतिक अस्थिरता, बाह्य शक्तिहरूको प्रभाव र क्षेत्रीय प्रतिस्पर्धाले कहिलेकाँही यी सम्बन्धहरूलाई संवेदनशील बनाइदिन्छ । दक्षिण एशियामा बढ्दो भूराजनीतिक प्रतिस्पर्धाले नेपाललाई सन्तुलन कायम राख्न झन कठिन बनाएको छ । तर नेपालले परम्परागत रूपमा अपनाउँदै आएको असंलग्नता, सन्तुलित कूटनीति र सार्वभौमिक हितमा आधारित राष्ट्रिय नीति अझै पनि प्रभावकारी मार्गदर्शन बन्न सक्छ ।

चीनको दृष्टिकोणमा, नेपालसँगको सम्बन्ध कुनै पनि तेस्रो पक्षलाई लक्षित गरेर बनाइएको होइन । चीनको स्पष्ट धारणा छ, उसले नेपालसँगको सम्बन्धलाई क्षेत्रीय स्थिरता र साझा समृद्धिको माध्यमका रूपमा हेर्दछ । न कि कुनै प्रतिस्पर्धाको मैदानका रूपमा । चीनले सधैं भन्दै आएको छ कि उसको सम्बन्ध र सहयोग सबै नेपाली जनताका लागि हो, कुनै एउटा दल वा समूहका लागि मात्र होइन । यही भावनालाई मूर्त रूपको प्रयास नै समावेशी कूटनीति हो ।

नेपाल-चीन सम्बन्धको दीर्घकालीन भविष्य अन्तत: पारस्परिक विश्वास, पारदर्शिता र निरन्तर संवादमा निर्भर रहनेछ । समावेशी कूटनीति यस सन्दर्भमा अत्यन्त महत्वपूर्ण उपकरण बन्न सक्छ । यदि कूटनीति केवल सरकार-सरकार सम्बन्धमा सीमित रह्यो भने त्यसले दीर्घकालीन सामाजिक आधार निर्माण गर्न सक्दैन । तर जब कूटनीति समाज, संस्कृति, शिक्षा, व्यापार र जनस्तरसम्म फैलिन्छ, तब सम्बन्धहरू अझ स्थायी र बलियो बन्छन् ।

चीनको समावेशी कूटनीतिले नेपालका विभिन्न तह र समुदायसँग जोडिने पुल निर्माण गरेको छ । यो पुल दुईतर्फी छ, यसले चीनलाई नेपाल बुझ्न मद्दत गर्छ र नेपाललाई चीन बुझ्न अवसर प्रदान गर्दछ । यही पारस्परिक बुझाइ र विश्वासकै आधारमा हिमालयका यी दुई छिमेकीले भविष्यमा साझा समृद्धि र स्थायित्वको नयाँ अध्याय लेख्न सक्छन् । बदलिँदो विश्व व्यवस्थामा नेपाल-चीन सम्बन्धले साना र ठूला देशहरूबीचको साझेदारीको एउटा आदर्श नमुना प्रस्तुत गर्न सक्छ, जहाँ सम्मान, सन्तुलन र साझा हित प्रमुख स्तम्भ हुन् ।

**(अध्यक्ष : नेपाल चीन पारस्परिक सहयोग समाज)**






## चट्टान

**-डा. दामोदर पुडासैनी किशोर**

एउटा सनकले सकिनसक्छ सँसार
एउटै दिमागले ब्युँझनसक्छ सँसार

कुनैबेला
सँसार ब्युँझाएथ्यो
स्टेफेन हकिन्स , आइन्स्टाइन, मार्कस्
र जेम्स वाटको दिमागले
अहिले तिनै दिमागहरू
राखिएकोछ पुरानो सँग्रहालयभित्र



मान्छे भेट्ने बहानामा
आकाश आउँछ कहिलेकहीँ
घरको मझेरीसम्म
मझेरी भने
जल्दै जल्दै अँगेनोबाट सकिँदैछ

म अहिले चट्टान फुटाउँदैछु
र रोप्दैछु चट्टानमाथि बिउहरू
जिन्दगीभरि चट्टान फुटाएर
नाम मैले लेख्नु छ
आँखाका लहरहरूले

चट्टान फुटाउँन थालेपछि
न बच्छ सनक
न बच्छ अहंकार ।

## आँसु पुछ्न उठ्नुपर्छ



**जनार्दन सुवेदी**

तिमीले भन्यौ
रोएर मात्र केहि हुँदैन
सपना चूर हुँदा पनि
आँसु पुछेर उठ्नुपर्छ

सही कुरा हो
हिम्मत बिना बाटो खुल्दैन
तर एउटा प्रश्न छ
के तिमीले सुनेका छौ
ती आँसुका आवाज ?

जे पाउनु थियो पाएनन्
जे चल्नु थियो चलेन
त्यो केवल हार होइन
त्यो वर्षौंको प्रतीक्षा हो
र त्यो प्रतीक्षाले
मानिसलाई थकाइदिन्छ

तिमीले भन्यौ डराएर केहि हुँदैन
साहस राख्नुपर्छ

तर के तिमीले देख्यौ
खाली गाउँहरू ?
बिदेशिने युवाहरू ?
आमाबुबाको आँखामा
दैनिक बढ्ने चिन्ताको रेखा ?

संसारले जे भने पनि
आफ्नो बाटो हिँड्नुपर्छ
त्यो पनि सत्य हो
तर बाटो थाहा भएर पनि

जब बाटोमै ढुंगा हुन्छ
जब राज्य मौन हुन्छ
तब केवल हिम्मतले मात्र
सबै समस्या टर्दैन
बीउ रोप्नुपर्छ
पानी परेपछि फसल आउँछ

तर खेत बाँझो छैन भन्ने
खेतको पीडा पनि बुझ्नुपर्छ
माटो सुक्नुको कारण सुन्नुपर्छ

त्यसैले प्रश्न फेरि उभिन्छ
रोएर मात्र केहि हुँदैन
यो पनि सत्य हो
तर आँसु किन आयो
त्यो नबुझी आशाको भाषणले
केहि हुन्छ र ?

पहिले बुझ्नुपर्छ
यो देशका मानिसको
दुख, पीडा, र निराशा

त्यसपछि मात्र
हिम्मतको कुरा गरौं
त्यसपछि मात्र
भविष्यको बीउ रोपौं

किनकि आँसु पुछ्नु अघि
आँसु देख्न सक्नुपर्छ ।



## बी डी त्यागी सम्मान प्रतिभा

साहित्यकार बीडी त्यागीको स्मृति दिवसको अवसरमा बीडी त्यागी स्मृति केन्द्रले बीडी त्यागी सम्मान पुरस्कार २०८३ को लागि प्रतिभा चयन गरिएको छ । फागुन ३० गते शनिबार केन्द्रका अध्यक्ष कृष्ण आचार्यको अध्यक्षतामा बसेको बैठकले उपन्यासकार शङ्कर भारती संयोजक, साहित्यकारहरू त्रिलोचन आचार्य र दुर्गा अधिकारी भमरकोटे सदस्य रहेको प्रतिभा चयन समितिले सिफारिस गरेको नामलाई अनुमोदन गरेको थियो ।

जस अनुसार साहित्यकार नभएपनि साहित्यको विकासमा लागिपरेका व्यक्ति वा सस्थालाई अर्पण गरिने नेपथ्य सम्मान यस वर्ष साहित्यिक क्षेत्रमा अग्रणी भूमिका खेलेको गोकर्णेश्वर नगर पालिकाका प्रमुख दीपक रिसाललाई अर्पण गरिने भएको छ । त्यस्तै बीडी त्यागी योगदान सम्मान वरिष्ठ साहित्यकार तथा फित्कौलीका प्रधान सम्पादक नरनाथ लुइँटेललाई। बीडी त्यागी स्मृति सम्मान साहित्यकार तथा पत्रकार महेन्द्र चालिसेलाई, एक सय एक रूपैयाँको सिक्का रहेको बी डी त्यागी स्मृति पुरस्कार हास्यव्यङ्ग्यकार देवीप्रसाद चापागाईं र बी डी त्यागी प्रतिभा सम्मान साहित्यकार तथा पत्रकार प्रदीप सापकोटालाई अर्पण गरिने भएको छ । स्रष्टालाई सफल बनाउन गौरीत्यागी स्रष्टा जीवन साथी सम्मान थप गरेको छ । पहिलो पटक सो सम्मान स्रष्टा श्रीओम श्रेष्ठ रोदनको जीवन साथी ललिता श्रेष्ठलाई अर्पण गरिने भएको छ । सो सम्मान आगामी बैशाख १९ गते बीडी त्यागीको तेइसौं स्मृति दिवसको अवसरमा अर्पण गरिने बी डी त्यागी स्मृति केन्द्रका महासचिव साहित्यिक पत्रकार निबन्ध आचार्यले जानकारी दिनुभएको छ । जीवनभर लेखन कार्यमा लागे पनि प्रकाश र चर्चामा आउन नचाहने साहित्यकार बी डी त्यागीको २०६० साल बैशाख १९ गते निधन भएको थियो ।




## चालिसेको रङ्गभेद लोकार्पण

नेपालको पहिलो र एक मात्र साहित्यिक साप्ताहिक पत्रिका कपन बानेश्वर राष्ट्रिय साहित्यिक साप्ताहिकले ६ सय अङ्क प्रकाशन गरेको सुअवसर पारेर फागुन ६ गते बुधबार साहित्य सदन रामहिटीमा पत्रिकाका संरक्षक सदस्य साहित्यकार महेन्द्र चालिसेको लघु कथासंग्रह रङगभेदको विमोचन गरियो ।

कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ साहित्यिक पत्रकार रोचक घिमिरे, सभापति पत्रिकाका प्रबन्धक साहित्यकार गङ्गा कर्माचार्य पौडेल, गोकर्णेश्वर नगरपालिका प्रमुख दीपक रिसाल, बुनपा ९ का वडा अध्यक्ष राजिव थापा, लेखक महेन्द्र चालिसे, लेखक पत्नी इन्दिरा चालिसे, समिक्षकद्वय ठाकुर शर्मा, गोपी मैनाली र कपन बानेश्वरका सम्पादक निबन्ध आचार्यले पुस्तक विमोचन गर्नुभएको थियो ।


लेखक महेन्द्र चालिसेले लेखकीय सहित स्वागत मन्तव्य दिनुभएपछि लघुकथा गान बजाएर कार्यक्रम उद्घाटन गरिएको थियो भने परम्परागत विमोचन भन्दा पृथक रूपमा समिक्षकहरू ठाकुर शर्मा र गोपि मैनालीले समिक्ष्यात्मक टिप्पणी गरेपछि मात्र पुस्तक विमोचन गरिएको थियो । विमोचन पश्चात सभापति गङ्गा पौडेलले लेखक पत्नी इन्दिरा र प्रमुख अतिथि रोचक घिमिरेले लेखक महेन्द्र चालिसेलाई रूद्राक्षको मालाले सम्मान गर्नुभएको थियो ।

कार्यक्रममा गोकर्णेश्वर नगर पालिका प्रमुख दीपक रिसाल र गोनपा ९ का वडा अध्यक्ष राजिव थापाले साहित्य र साहित्यकारको लागि गोनपाले काम गरिरहेको र गरिरहने कुरा बताउनु भयो । युवराज मैनाली, रमेश खनाल र शङ्कर भारतीले शुभकामना दिनुभएको सो कार्यक्रममा एन बी जनकपुरेले महेन्द्र चालिसेको गीत गाएर सुनाउनुभएको थियो । प्रमुख अतिथि रोचक घिमिरेले महेन्द्र चालिसेको पहिलो कथा सङ्ग्रह भन्दा यो परिस्कृत भएर आएको बताउनुभयो । सभापति गङ्गा कर्माचार्य पौडेलले पत्रिका प्रकाशन सामुहिक काम भएको र कबा समूहले मिलेर काम गरेको कारण नै ६ सय अङ्कसम्म पुग्न सफल भएको बताउनु भयो । आलोक चालिसेले संचालन गर्नुभएको कार्यक्रममा प्रकाशक सम्पादक निबन्ध आचार्यले धन्यवाद ज्ञापन् गर्नुभएको थियो ।

## अशान्त धड्कन

### पुस्तक समीक्षा






*अरूणबहादुर खत्री*

साहित्यकार एवं मुक्तककार कल्पना काफ्लेको अशान्त धड्कन नामक मुक्तक सङ्ग्रह २०८१ सालमा प्रकाशित भएको छ । यस कृतिभित्र उनीद्वारा लेखिएका २२० वटा मुक्तक राखिएका छन् । यस मुक्तक सङ्ग्रहमा काव्यिक गाम्भिर्यता रहेको छ । यस सङ्ग्रहको मुक्तकमा अनुभूतिको आयाम छ, भावनाको झिल्का छ, सहज संवेग र काव्यिक तरेलीका गराहरू छन् । सङ्ग्रहभित्रका केही मुक्तकहरू रोमाञ्चक, हाँसो र ठट्टाको भावले भरिएका पनि छन् । सङ्ग्रहभित्रका मुक्तक पढ्दै जाँदा लाग्छ उनी कतै उपदेशक बनेर देखिएकी छिन्, कतै प्रेम वियोगमा छट्पटाएकी छिन् त कतै अथाह मातृभक्ति दर्शाउन पुग्छिन् । साहित्यको विशेषता भनेकै पाठकमा रोचकता पस्कन सक्नु हो । आनन्दाभूति दिलाउन सक्नु हो । यस विषयमा कल्पनाका मुक्तकमा कमी देखिदैन । साहित्य लेख्न र पढ्न मुक्तक लेखेर चम्कने गर्दछिन् । धेरैले बोल्न नसकेका र नपाएका कुरा उनका मुक्तकले बोलेका छन् । सर्पलाई दुध पिलाए पनि डस्न सक्छ मनको ढोका खुला राख्दा भलबाढी पस्न सक्छ कल्पनाले भनेकी छिन्:

जान्छु भन्दा नजाऊ है भनूँ जस्तो लाग्यो
यादहरू सँगालेर गर्नू जस्तो लाग्यो
जब तिमीले मायाको अँगालोमा बेऱ्यौ
तिमी रूख म लहरा बनूँ जस्तो लाग्यो ।
फुरूक्क नयाँ लुगा लगाएर रमाएको सम्झन्छु
टीका थापेर गोजीभरि पैसा कमाएको सम्झन्छु
कसैको आँसु, कसैको खुसी भएर आउँछ यो दसैं
दसैं सकिएपछि धेरैलाई ऋणले समाएको सम्झन्छु ।

कल्पनाका मुक्तकहरू देशभक्ति पनि छन् । उनका मुक्तकको भाषा स्वाभाविक र सरल छ । मुक्तकको लयविधिको सीमा कतैकतै मिचिएको छ । आफूले जीवनमा प्रत्यक्ष देखे भोगेका विषयवस्तुलाई मुक्तकको रूपमा लेखेकी छिन् । जीवनमा आइपर्ने जस्तोसुकै अनुकूल-प्रतिकूल परिस्थितिको सामना गर्दै यिनले आर्जन गरेका तिता-मिठा अनुभव र अनुभूति अनि देशप्रतिको यिनको मोह सामाजिक विसङ्गतिको चित्रण, लैङ्गिक मनोभावप्रति देखिएको दृष्टिकोण साथै दर्शन र आध्यात्मको चेतना आदि सबै यस सङ्ग्रहभित्रको मुक्तकमा अटाएको देखिन्छ ।

हरेक दिन आँगनमा नयाँ अखबार आउँछ
सधैं फूल लुटिएको दुःखद् समाचार आउँछ
अहँ ! कुनै रात ढुक्कसँग निदाउन सकिएन खै
सपनामा तर्साउन डरलाग्दो अनुहार आउँछ ।

कल्पनाले मुक्तकलाई जुन उद्देश्यले अपनाए पनि साधनाको निरन्तरतालाई नछाडे सफलता टाढा छैन । यस सङ्ग्रहभित्र सङ्कलित मुक्तक मार्फत देशका अधिकांश नारीले भोग्दै आएको जीवन र आफूले देखे जानेको खास गरी गृहिणीहरूको पीडालाई उजागर गर्ने जुन प्रयास यिनले गरेकी छिन् त्यो मार्मिक छ ।


जति माया गरे पनि झर्किन्छौ मात्रै
प्यासीलाई पानीछिटा छर्किन्छौ मात्रै
आजभोलि जहिले पनि घोत्लिएको देख्छु
जोड्न खोज्छु प्रेमिल मन चर्किन्छौ मात्रै ।

नेपालमा मुक्तक भित्रयाउने श्रेय कविवर भीमदर्शन रोकालाई जान्छ । मुक्तक कविताकै छोटो रूप हो । मुक्तकमा कविताकै गुण र प्रवृत्ति समाविष्ट रहन्छन् । तर मुक्तकले एक झट्कामा कविको आशय छर्लङ्ग हुने गरी अभिव्यक्ति स्वतन्त्र र सहज रूपमा पाठक समक्ष सम्प्रेषण गर्ने क्षमता राख्तछ । यस सङ्ग्रहभित्र यस्तै मुक्तक धेरै भेटिन्छन् ।

दुःख पाइयो चाकडी गर्न नजान्दा
स्वार्थ लुट्न फोस्रो भ्रम छर्न नजान्दा
अकबरी सुनलाई पनि फलाम भनियो
दुई हात जोडी शरणमा पर्न नजान्दा ।

जीवन र जगत्संग सम्बन्ध गाँसिएका मुक्तक रचनाहरू सङ्ग्रहित यस कृतिले मुक्तक लेखनका क्षेत्रमा थप योगदान गरेको त छ नै । उनका मुक्तक सुन्दर छन् र विविधताले भरिएका छन् । यस मुक्तक सङ्ग्रहभित्र सुखको पीडा पनि छ, दुःखको पीडा पनि छ, हाँसो र रोदन दुबै छ दुखाइ र भोगाइको अनुभूति पनि छ । आगामी दिनमा उनका अन्य कृतिहरू हामीले पढ्न पाउने ठूलो आशामा बाधिएको छु ।

कृति: अशान्त धड्कन विधा: मुक्तकसङग्रह
मुक्तककार: कल्पना काफ्ले प्रकाशक: बिएन पुस्तक संसार प्रा.लि. काठमाडौं ।




## ई.गणेशराज वस्तीको हेल्लो म !

गोरखाका ई.गणेशराज वस्ती यस्ता व्यक्ति हुन् जसले सिङ्गो नेपालको भ्रमण गरेका छन्, सहरदेखि गाउँसम्म, तराईदेखि हिमालसम्मका जनजीवन बुझेका छन्, तिनको इच्छा र आकांक्षा, आवश्यकता देखेका छन् । जनताका तिनै आवाजलाई वस्तीले १४ वटा पुस्तकहरूमा अभिव्यक्त गरेका छन् । नेपालदेखि बेल्जियमसम्मको शिक्षा हासिल गरेका प्राविधिक ज्ञान भएका लेखक हुन् ई.गणेशराज वस्ती ।

जसरी बालेन्द्र साह इन्जिनियर हुन्, त्यही प्रकारका इन्जिनियर हुन् वस्ती । नेपालको गाउँ सहर, हिमाल, पहाड तराईमा के कस्ता आवश्यकता छन्, ती आवश्यकताहरूलाई कसरी पूर्ण गर्न सकिन्छ भन्ने भिजन उनका १४ वटा पुस्तकहरूमा रहेका छन् । नेपालमा नयाँपुस्ताको सरकार बन्न लागेको छ । जनताले नयाँ पुस्ता चाहियो भनेर आफ्नो मत अभिव्यक्त गरेका छन् । ती मतको सदुपयोग गर्नका लागि परिवर्तन गर्न तम्सेको रास्वपाको सरकारले ई.गणेशराज वस्तीका पुस्तक र उनको चेतनालाई सदुपयोग गर्न सक्नेदेखिन्छ ।

जसरी उनका प्राविधिक सेवा, इन्जिनियरिङ, प्रतियोगितात्मक परीक्षा दिग्दर्शन, विकास व्यवस्थापन, भवन, आवास तथा शहरी विकास, प्रश्नहरूको सँगालो, जनरल अवेरनेश एण्ड कन्टेम्पोररी इस्यूज, गोरखा भूकम्प २०७२ पछिका पुनर्निमाणका केही झलकजस्ता पुस्तक र साहित्यिक तर्फ मनको आँधी, नियात्रा, संघर्ष, परेली-तरेली, गोरखा भूकम्प पुनर्निर्माण र म, सूक्तिसङ्ग्रह, हेल्लो म । यो पछिल्लो कवितासङ्ग्रह वाङ्मय क्षेत्रमा चर्चित छ ।

उनको कविताको झलक-

*हातै हातले, बातै बातले,*
*आँखौ आँखाले, डाँडा वा पाखाले,*
*सुरिलो भाकाले,*
*बाबाले वा काकाले,*
*भन्ज्याङ वानाकाले*
*भर्खरका वा पाकाले,यहिँ हुने वा*
*बाहिर गाकाले*
*सबै सबैले,*
*यो देशको माया गरून् ।*

छातीभरि देश बोक्ने, आँखाभरि देश देख्ने, कलमभरि देश लेख्ने ई. गणेशराज वस्ती बहुमुखी प्रतिभा हुन् । उनको तिख्खर कलम समाजप्रति जिम्मेवार छ । समाज बदल्नका लागि राष्ट्र लेख्नु, गुनगुनाउनु र राष्ट्रभक्ति जगाउनु ई.वस्ती कत्ति पनि थाक्दैनन् । उनको कलम अझ चलुन्, देशमा परिवर्तनको गर्जन गरून्, देशले परिवर्तनको अनुभव गर्न पाओस् ।






सम्पादक/प्रकाशक राजन कार्की
Editor/Publisher Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




## बालेन शाहले गर्छ भन्ने विश्वास

बालबालिका हुन् कि युवा, प्रौढ हुन् कि बृद्ध, बालेन शाहले गर्छ भन्ने अभूतपूर्व विश्वास देखिन्छ समाजमा । जसरी चुनावमा घण्टी घण्टीको लहर थियो, चुनावपछि पनि घण्टी घण्टी भन्ने आवाज सेलाएको छैन । रवि लामिछाने र बालेन शाहले जनताको विश्वासलाई कसरी संवोधन गर्ने यसमा गम्भीर भएर सोच्नुपर्छ, काम गरेर देखाउनुपर्छ । अर्को बिकल्प छैन । किनकि पुरानाले गरेनन्, पुरानाले दु:ख दिए, देश बिगारे भन्ने प्रत्येकको मनमा लाहाछापजस्तो परेको छ । रास्वपाले पनि गरेन भने के होला ?

रास्वपाले विधान संशोधन गरेर बालेन शाहलाई संसदीय दलको नेता बनाउँदैछ । त्यसपछि बालेन शाह प्रधानमन्त्री बन्नेछन् । रास्वपाको सरकारको मुख्य नीति भ्रष्टाचार नियन्त्रण, पारदर्शिता, युवालाई रोजगारी, शिक्षा तथा स्वास्थ्यमा सुधार प्रमुख हुनेछन् । गठबन्धनको आवश्यकता छैन, आमजनताले स्पष्ट बहुमत दिएका छन् । संविधान संशोधन गर्न समेत रास्वपाले चाह्यो भने सक्छ । सकारात्मक पक्ष भनेको यो संविधानअनुसार कसैलाई बहुमत प्राप्त हुनेछैन भन्ने भाष्य थियो, जनताले बहुमत होइन, दुई तिहाई पनि दिन सक्ने रहेछन् भन्ने प्रमाणित गरिदिएका छन् । दुई तिहाइका लागि २ सिटको कमी दखिएको छ, संघीयता हटाउन, सरकारको संख्या कम गरेर बचत हुने रकमले प्रत्येक पालिकालाई बजेट पर्याप्त दिने हो भने जनताका अपेक्षा संवोधन हुनसक्छ । संघीयता हटाउन खोज्दा मधेश आक्रोसित हुनेछ, हिन्दुराष्ट्र घोषणा गर्ने हो भने मधेश साह्रै खुशी हुनेछ ।

नेपालको इतिहासमै अब बन्ने सरकार नयाँ नेतृत्वको उदय र पुराना दलहरूको प्रभुत्वलाई चुनौती दिँदै नयाँ पुस्ताले सत्ता सम्हाल्नेछन् । जनादेशमा जनताको असन्तोषको अभिव्यक्ति: कांग्रेस, एमाले, माओवादी जस्ता परम्परागत दलहरूको कमजोर प्रदर्शनले जनतामा परिवर्तन चाहिएको स्पष्ट देखिन्छ । स्थिरता आउने छ, बहुमत सरकार बन्दा अस्थिरता घट्ने अपेक्षा छ ।

नयाँ पुस्ताले शासन प्रशासन हाँक्नेछन् । तिनमा कूटनीतिक र प्रशासनिक अनुभव कम छ । थिङ्क टेङ्कहरू सुझाव दिनुपर्छ, अहंकारी नबनीकन नयाँपुस्ताले भ्रष्टाचार नियन्त्रण, रोजगारी सिर्जना, सेवा सुधार जस्ता वाचा पूरा गर्न कठिनाइ हुनेछैन । जतिसुकै कडा चुनौती दिन पुराना दलले संसदमा घोक्रो सुकाए पनि जनमत, जनबल नयाँसँग भएकाले उनीहरूले जनअपेक्षाअनुसार निर्णय गर्न र निर्णय कार्यान्वयन गर्नुपर्नेछ ।

नेपालको राजनीतिक इतिहासमै २०८२ को निर्वाचनले नयाँ राजनीतिक युगको सुरूवात गरेको छ । यो जनचाहनामा आधारित छ । फुकी फुकी पाइला चाल्नुपर्नेछ, यसैमा अनुभवहीनता र उच्च जनअपेक्षालाई व्यवस्थापन गर्न परिपक्वता निर्माण हुँदै जानेछ । नयाँ पुस्ताको सफलताले भावी राजनीतिक परिदृश्यलाई निर्धारण पार्दैलानेछ । जनताले खोजेको सुशासन र भ्रष्टाचार नियन्त्रण र भ्रष्टाचारीमाथि कडा कारवाही हो । यसका लागि अख्तियारजस्ता निकायलाई सशक्त बनाउनुपर्नेछ भने अन्य नियामक निकायलाई पर्याप्त कानुनी अधिकार, स्रोत र जनशक्ति उपलब्ध गराउनुपर्नेछ । न्याय प्रणालीमा सुधार, नागरिकलाई छरितो, निष्पक्ष र सुलभ सेवा, आर्थिक अनुशासन र रोजगारीको सिर्जना मुख्य चुनौती हुन् । शिक्षा, स्वास्थ्य, सार्वजनिक सेवामा सरलता, उद्यममा प्रोत्साहन, संघीयताको खारेजी र स्थानीय सरकारलाई सकृय पार्ने हो भने रास्वपाको सरकारले सफलता पाउनेछ । जनतामा जनता तत्काल परिणाम चाहन्छन्, बाचापत्रअनुसार काम गर्नुको बिकल्प छैन ।

# त्यो एकदिन आयो, नयाँलाई शासनमा ल्यायो

**एक जुगमा एक दिन एकचोटि आउँछ**
**उलटपुलट, उथलपुथल, हेरफेर ल्याउँछ**

**लाटासुधा बोल्न थाल्छन्, चल्न ओठ दु:खको**
**सहे भनी सम्झिएका ईख फेर्न उठ्तछन्**
**गए भनी नदेखिएका फर्की फर्की आउँछन्**
**सुते भनी सम्झिएका सुरू सुरू हिड्छन्**
**मरे भनी फ्याँकिएका जुरूजरू उठ्तछन्**

**खरानी हुन्छ भरभराउँदो हुरी चल्न थाल्दछ**
**कायर पनि वीर हुन्छन्, बेग चल्छ जोशको**
**हाहाकार मच्छ यहाँ पाप खुल्न थाल्दछ**
**एक जुगमा एक दिन एकचोटि आउँछ ।**
**- गोपालप्रसाद रिमाल**

कवि गोपालप्रसाद रिमालले २०१६ मा लेखेको कविता हो यो ।

यो कविता सार्वजनिक हुनासाथ २०१७ सालको घटना घटेको थियो । पछि २०३६ सालमा जनमत संग्रह भयो, २०४६ सालमा बहुदल आयो, २०६५ सालमा गणतन्त्र ल्याइयो, २०८२ भदौ २३ र २४ गते जुन घटना घट्यो, त्यसको परिणाम फागुन २१ को चुनाव भयो र नेपालको इतिहासमै नयाँ पुस्ताले पुरानो पुस्तालाई परास्त गरेर देशको शासनसत्ता आफ्नो हातमा लियो ।

**एक जुगमा एक दिन एकचोटि आउँछ**
**उलटपुलट, उथलपुथल, हेरफेर ल्याउँछ ।**
त्यो एकदिन आयो, हेरफेर ल्यायो ।
नयाँ पुस्ता देश हाँक्ने भयो ।

नेपालको इतिहासको राजनीतिक परिदृश्यमा ऐतिहासिक मोड मोड हो यो । पुराना दलहरूको लामो समयको प्रभुत्वलाई कायम राख्न सकेनन् । नयाँ दलले बहुमत प्राप्त गरी सरकार गठन गर्ने तैयारी गर्दैछन् । यसले जनतामा नयाँ आशा र अपेक्षा जगाएको छ, तर आलोचनात्मक दृष्टिकोणले हेर्दा यो परिवर्तनले अवसर मात्र होइन, गम्भीर चुनौती पनि बोकेको छ ।

नयाँ सरकारको उदयलाई जनताले पुराना दलहरूको असफलता र भ्रष्टाचारप्रति असन्तोषको प्रत्यक्ष परिणामका रूपमा बुझ्न सकिन्छ । दशकौँसम्म सत्ता सञ्चालन गरेका दलहरूले सुशासन, रोजगारी, शिक्षा र स्वास्थ्यमा ठोस सुधार गर्न सकेनन् । नेपोटिजम र राजनीतिक अपराध पुरानाको कमजोरी देखियो । यसकारण जनताले विकल्प खोजेका हुन् । यस सन्दर्भमा नयाँ नेतृत्वको उदय जनअपेक्षाअनुकूल देखिन्छ । तर, आलोचनात्मक दृष्टिले हेर्दा नयाँ दलसँग राजनीतिक, कूटनीतिक, शासनव्यवस्था र प्रशासनिक अनुभवको कमी छ । जनताले चाहेको उच्च अपेक्षा पूरा गर्न नसकेमा असन्तोष झन् बढ्न सक्छ ।

नयाँ सरकारको पहिलो चुनौती सुशासन र पारदर्शिता हो । भ्रष्टाचार नियन्त्रण गर्ने वाचा जनताले विश्वास गरेर मत दिएको प्रमुख कारण हो । तर, नेपालमा भ्रष्टाचार गहिरो संरचनागत समस्या बनेको छ । केवल नारा वा अभियानले यसलाई नियन्त्रण गर्न सकिँदैन । ठोस कानुनी सुधार, नियामक निकायलाई सशक्तिकरण र डिजिटल पारदर्शिता प्रणाली लागू नगरेसम्म परिणाम देखिँदैन । यदि नयाँ सरकारले यस क्षेत्रमा ढिलाइ गऱ्यो भने जनताको विश्वास तुरून्तै कमजोर हुनेछ । सुरूका दिनदेखि नै जनअपेक्षाअनुसार काम गर्नैपर्नेछ ।

दोस्रो चुनौती आर्थिक विकास र रोजगारी सिर्जना हो । देशमै केही गर्न सकिन्छ, गरिखान पाइन्छ भन्ने उत्साह जगाउनैपर्छ । युवाहरूको ठूलो हिस्सा बेरोजगार छ, जसले वैदेशिक रोजगारी रोज्न बाध्य बनाएको छ । नयाँ सरकारले उद्यमशीलता प्रोत्साहन, कृषि आधुनिकीकरण र पर्यटन विकासमा ठोस कार्यक्रम ल्याउनुपर्छ । यी क्षेत्रमा दीर्घकालीन योजना, क्षमता प्रदर्शन र स्रोत व्यवस्थापन आवश्यक छ । केवल घोषणाले परिणाम ल्याउँदैन । परिणामबिना जनताको आशा कायम रहदैन ।

तेस्रो चुनौती शिक्षा र स्वास्थ्य हो । ग्रामीण क्षेत्रमा अझै गुणस्तरीय शिक्षा र आधारभूत स्वास्थ्य सुविधा अभाव छ । नयाँ सरकारले शिक्षक तालिम, डिजिटल सामग्री, ग्रामीण अस्पताल, र स्वास्थ्य बीमा सुधारलाई प्राथमिकता दिनुपर्छ । यी सुधारहरू कार्यान्वयन कठिन हुन्छन्, किनकि स्रोत, बजेट र प्रशासनिक क्षमता सीमित छन् । तथापि महानगरको मेयर हुँदा बालेन शाहले जसरी शिक्षामा सुधार ल्याए, कमजोर बर्गका लागि छात्रबृत्तिको व्यवस्था मिलाए, त्यो अनुभव बालेनका लागि सहयोगी हुनेछ ।

चौथो चुनौती संघीयता र स्थानीय सरकारसँगको सम्बन्ध हो । संघीय संरचना अझै स्पष्ट र कार्यक्षम छैन । संघीयता खारेज गर्ने माग देशव्यापी छ । तर यो मधेशको माग भएकाले मधेशलाई कसरी सम्झाउने यो चुनौती हो । मधेशले हिन्दुराष्ट्र पायो भने पालिकालाई स्रोत, साधनले सशक्त बनाउँदा बिरोध नगर्ने देखिन्छ । स्थानीय तहलाई पर्याप्त अधिकार र स्रोत दिंदा स्थानीय विकास र रोजगारीमा ठूलै तरङ्ग आउनेछ । नयाँ सरकारले केन्द्र-स्थानीय सरकारबीच समन्वय बढाउँदा रास्वपाका बाचापत्रले मूर्तरूप पाउनसक्छ । विपक्षीले संघीयताका पक्षमा ठूलै आन्दोलन गरे भने पनि त्यो बिरोधले केही गर्न सक्दैन ।

त्यसै पनि राप्रपाले भनिसक्यो, संघीयता खारेजी र हिन्दुराष्ट्र हुने हो भने राप्रपाले आफूसँग भएको ५ मत रास्वपामा खन्याइदिनेछ । यस्ता समर्थन अन्य दलहरूबाट पनि आउनसक्छ ।

निष्कर्षमा भन्नुपर्दा नयाँ सरकार जनताको परिवर्तन चाहनामा आधारित छ । यसले अवसर ल्याएको छ–भ्रष्टाचार नियन्त्रण, रोजगारी सिर्जना, शिक्षा-स्वास्थ्य सुधार र संघीयता खारेजी,स्थानीय तहको सशक्तिकरण । यदि नयाँ सरकारले ठोस सुधार र परिणाम देखाउन सकेन भने जनताको विश्वास गुम्नेछ, र परिवर्तनको आशा निराशामा परिणत हुनसक्छ । त्यसैले, नयाँ सरकारलाई अवसर मात्र होइन, जिम्मेवारी पनि छ जसलाई अत्यन्त गम्भीर रूपमा लिनु आवश्यक छ ।

फागुन २१ को निर्वाचनले ल्याएको परिवर्तन चानचुने परिवर्तन होइन, जनताले चाहे भने कसरी परिवर्तनको आँधी ल्याउन सक्छन् भन्ने ताजा उदाहरण हो । जुन प्रकारले श्रीलंकामा परिवर्तन आयो, जुन प्रकारले बंगलादेशमा परिवर्तन भयो, त्योभन्दा पृथक तरिकाले नेपालमा परिवर्तन आएको छ । यो परिवर्तनले राष्ट्रको अस्तित्व रक्षा, जनताको आकांक्षा परिपूर्ति र सुशासन कस्तो हुन्छ भन्ने दृष्टान्त देखाउन सक्छन् । नेता भनेका देश र जनताका सेवक हुन् भन्ने पनि देखिनेछ । पुराना पुस्तालाई बिस्थापन र नयाँ पुस्ताको स्थापन र भावी पुस्तालाई मार्गदर्शन पनि यही नयाँ पुस्ताको शासन हुनजानेछ ।




नयाँ पुस्ताका नेताको नेतृत्व, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण, रोजगारी सिर्जना, शिक्षा-स्वास्थ्य सुधारको उद्देश्य, स्पष्ट बहुमतका साथ स्थिरता । नेपालको प्रगतिको लागि आन्तरिक रूपमा अब सबै राजनीतिक शक्तिसँग संवाद, सहमति र सहकार्यमात्र बाँकी छ । बाह्य रूपमा परराष्ट्रनीतिमा प्रष्टता, दुबै छिमेकीलाई विश्वासको आधार र विश्वशक्तिसँग साझेदारी गर्न सकियो भने यो सरकारले नेपालको इतिहास रच्ने पक्का छ ।

जनताले नयाँपुस्तालाई पुराना दलप्रति असन्तोष व्यक्त गर्दै नयाँ विकल्पका रूपमा रोजेका हुन् । शान्ति, समुन्नति, रोजगारी सिर्जना, न्यायपूर्ण समाजको स्थापना जनताका अपेक्षा छन् । अनुभवी र विज्ञहरूसँग सुझाव लिएर चल्ने हो भने नयाँ पुस्तालाई 'चार दिनकी चाँदनी' भनेर गरेको खिसिट्यूरी अर्थहीन हुनेछ । नयाँ पुस्ताले नयाँ नेपाल बनाउने अभिभारा पूरा गर्छ भन्ने प्रमाणित गर्नुछ । नयाँ पुस्तासँग जोश छ, जाँगर छ, हौसला छ, यसैको जगमा निर्माण हुनेछ ।

नयाँ पुस्ताको शासनले भ्रष्टाचार नियन्त्रण, भ्रष्टाचारीलाई कारवाही, रोजगारी सिर्जना, शिक्षा-स्वास्थ्य सुधार र न्याय प्रणालीमा पारदर्शिता सुनिश्चिता, पर्यटनको सम्भावनालाई अघि बढायो भने स्रोतको कमी हुनेछैन, जनतामा भरोसा बढ्नेछ, विश्वले 'फ्रड, ग्रे लिस्ट' भनेर लगाएका आक्षेप र अविश्वास हट्दै जानसक्छ, युवाले त्यो क्षमता देखाउनुपर्छ । नयाँ पुस्तालाई जनताले अपार आस्था राखेरै मत दिएका छन् । जनबल नयाँ पुस्तालाई जब्बर शक्ति बनेको छ । यो शक्तिलाई आगामी ५ वर्ष कुनै पनि दल वा शक्तिले हल्लाउन पनि सक्नेछैन । रास्वपाभित्रको एकता एकढिक्को हुने हो भने अबको राजनीतिक मूलधार युवाशक्ति हुनेछ । जतिसुकै मच्चिए पनि नेपाली कांग्रेस, एमाले र नेकपाजस्ता परम्परागत दलहरू थच्चिनेछन् । आत्मतुष्टिका लागि रास्वपाको अभिभावक मै हुँ भन्नेहरू हावादारी साबित हुनेछन् । किनकि ०४६ सालदेखिका राजनीतिक शक्ति यिनै हुन्, यिनैले गणतन्त्र ल्याएको दावी गरे, संघीयताको फुइँकी लगाए तर यिनीहरू पाइला पाइलामा असफल भए । एकजना पनि पुराना ठूला नेता निस्कलंक छैनन्, जसको निधारमा भ्रष्टाचार र नातावादको कलंक नलागेको होस् ।

नेपालको निर्वाचन परिणाम देखेर विश्व चकित छ । यो नेपाली जनताको विवेकपूर्ण निर्णय हो कि पुराना नेताहरूको अतिवादविरूद्धको बिद्रोह ? नेपालभित्र चुनावी परिणामलाई नेपाली जनताले आफ्नो भविष्य निर्धारण गरिएको रूपमा ब्याख्या भइरहेको छ । अचम्म त के पनि छ भने भदौ २३ र २४ गतेको जेनजी आन्दोलन र बिद्रोहपछि भागाभाग गरेका नेताहरू चुनावी परिणामपछि इन्तु न चिन्तुको स्थितिमा छन् । एकजना पनि नेता वा पार्टीले यो निर्वाचनमा धाँधली भयो भन्ने आवाज सम्म उठाउन सकेनन् । परिणाम स्वीकारे ।

नेपाल गरिब छ, चेतनाको कमी छ, मासुभात र पैसाले भोट किन्न सकिन्छ भन्ने भाष्य रहदै आएको थियो । यसपल्टको निर्वाचनमा मासुभात पनि चल्यो, खर्चपानी पनि बाँडियो तर मत घण्टीमै, परिवर्तनमै हालेको देखियो । आश्चर्य त के पनि छ भने पुराना कांग्रेस, एमाले, नेकपाका पक्का मानिएका मत समेत घण्टीतिर गयो । देशमा कुन प्रकारको हुटहुटी रहेछ, परिवर्तनको तिर्खा रहेछ भन्ने यो निर्वाचनले देखयो ।

यसमा जनयुद्ध, जनआन्दोलन, थुप्रै सडक संघर्षहरूका आवाज कसैले सुनेनन् । चेत बढ्दै गयो । जनताले सुशासन माग्दै गए, भ्रष्टाचारप्रति घृणाभाव राख्दैगए । यो निर्वाचनले नयाँ राजनीतिक संस्कार खोजेको देखायो । र, आमनागरिक परम्परागत भ्रम, नारा, खोक्रा आश्वासनमा सन्तुष्ट छैनन् भन्ने मात्र देखाएन, जनताप्रति जवाफदेहीता नहुने स्वीकार छैन भन्ने पनि देखाइदिए । जसकाकारण हार्दै हार्दैनन् भन्ने नेताले चुनाव हारे, धेरै मत ल्याउँछन् भन्ने नेताको जमानत नै जफत भयो । अब प्रत्येक राजनीतिमा लागेकाले बिर्सनै नहुने सत्य के हो भने जनताले परिणाम खोज्छन्, भ्रम सुन्छन्, भ्रममा परेर मतदान गर्ने दिन सकिएछ ।

०८२ फागुन २१ को निर्वाचन आउने कुनै पनि निर्वाचनका लागि ब्यारोमिटर हो । जसले यो बुझ्यो, उसका लागि चुनाव सरल होला, जसले बुझेन, उसले कहिले पनि चुनाव जित्न सक्दैन । र, बुढा पुरानाले पुस्तान्तरण गर्नैपर्छ । यो निर्वाचनमा जनताको चाहना युवा नेतृत्व हो । अब युवाको बिकल्प छैन । जहाँ जनतालाई हेपिन्छ, त्यहाँ जनताले हस्तक्षेप गर्छन् गर्छन् । यो चुनावले नारीशक्तिलाई पनि उर्जा थपेको छ । अब उत्तरदायित्व देख्नु देखाउनुपर्छ ।






# नेपालमा इमानदारी र विवेकको झिल्को



नारायण प्रसाद मिश्र

गरिबीताले अनैतिक, स्वार्थी, लोभी, लालची, भ्रष्टाचारी हुन प्रोत्साहन गर्छ। यसैले प्रत्येक गरीब राष्ट्रमा मुख्यतः भ्रष्टाचार, गरिबी, अस्थिरता र बाह्य दबाबको सामना गर्नुपर्ने सम्भावना बढी हुन्छ। । यस्ता मुलुकहरूमा देखिने यी खतराहरू हुन्। तर अविकसित मुलुकमा सबैभन्दा विनाशकारी खतरा प्रायः अदृश्य हुन्छ। त्यो हो बौद्धिक बेइमानी अर्थात शिक्षित,ज्ञानी, बुद्धिमान भएरपनि भएको ज्ञान सर्व कल्याणको लागि सदुपयोग नगरी आफ्नो मात्र स्वार्थको लागि दुरूपयोग गर्ने काम। यसले चालै नहुने गरी समाजमा नैतिकता कमजोर बनाउँछ, सत्यलाई विकृत गर्छ र निर्णय क्षमतालाई विषाक्त बनाउँछ। नेपालमा बौद्धिक बदमासहरू राजनीतिदेखि शैक्षिक संस्थासम्म फैलिएका छन्। वौद्धिक बेइमानीको खतरा राजनीति, शिक्षा, सञ्चार माध्यम र सामाजिक जीवनमा गहिरोसँग जरा गाडेर बसेको छ, जसका कारण स्रोत र सद्भावना उपलब्ध हुँदाहुँदै पनि मुलुकको वास्तविक प्रगति धरापमा परेकोछ। मुलुक भ्रष्टाचारमा जकडिएकोछ।

### बौद्धिक बेइमानी के हो ?

बौद्धिक बेइमानी भन्नाले केवल झूट बोल्नु मात्र होइन। यो व्यक्तिगत स्वार्थ वा उद्देश्य पूर्तिका लागि सत्यलाई जानाजानी बङ्ग्याउने,विकृत वा लुकाउने प्रवृत्ति हो। यो तथ्यहरूको असत्य प्रयोग,अनैतिक सम्झौता, र अन्यायलाई न्यायोचित ठहरयाउन ज्ञानको दुरूपयोगका रूपमा देखा पर्छ। भौतिक भ्रष्टाचारले आर्थिक अर्थात रकम पैसा चोरी गर्छ भने बौद्धिक बेइमानीले अर्थ मात्र होइन सत्य र नैतिकताको नै विनाश गरी समाजनै नष्ट गर्छ।जब नेताहरू, विद्वानहरू, पत्रकारहरू र नागरिक अगुवाहरू बौद्धिक बदमास भई निस्कन्छन्, तब न्यायपूर्ण समाजको आधार नै ढल्न थाल्छ।

हाम्रो देश नेपाल–प्राकृतिक सौन्दर्य, आस्था र सांस्कृतिक सम्पदामा धनी भएपनि यो मुलुक शासन व्यवस्थामा कमजोर र अति भ्रष्ट हुनुको मूल कारण वौद्धिक बेइमानी नै हो। बौद्धिक बदमासहरू भाषणमा राम्रा राम्रा कुराहरू बोल्न सिपालु हुन्छन् तर आचरण र व्यवहार ठीक उल्टो गर्छन्।यसको झलक हाम्रा धेरै नाम कहलिएका विभिन्न दलका नेताहरूका भाषणहरू, नीतिहरू र दैनिक कुराकानीहरू र तिनीहरूको आचरण र क्रियाकलाप तुलना गर्दा स्पष्ट देखिन्छ। यस्तो मुलुकमा इमान्दार ब्यक्तिहरूका राम्रा विचारहरू असफल हुने र गलत काम गर्नेहरू प्रायः सफल हुने हुन जान्छ। जुन हाम्रो मुलुकमा देखिरहेका छौं।

### राजनैतिक परिवर्तन र हाम्रो इतिहास

नेपालको आधुनिक राजनीतिक इतिहास परिवर्तनहरूले भरिएको छ– जसले नयाँ सुरूवातको बेला आशा जगाए तर अन्ततः निराशा दिए। प्रत्येक युगले–राजतन्त्रदेखि बहुदलीय लोकतन्त्र र संघीय गणतन्त्रसम्मले सुशासन र सुव्यवस्थाको नारा घन्कायो। तर व्यवहारमा कुशासन र कुव्यवस्था मात्र बृद्धि गर्दै गयो। सही अर्थमा मुलुकको बिकास हुन सकेन। निम्न वर्गको जीवनस्तर उठ्न सकेन।

२०१६ सालमा बि. पी. कोइरालाको नेतृत्वमा नेपालको पहिलो निर्वाचित लोकतान्त्रिक सरकार बनेपछि जनताले नयाँ युगको सुरूवात भएको विश्वास गरेका थिए। तर प्रजातन्त्र भन्दा दलतन्त्र हावी हुँदै गएपछि चाँडै राजनीतिक तनाव बढ्यो र २०१७ सालमा राजा महेन्द्रले सरकारलाई भ्रष्ट र अफाप सिद्ध भएको आरोप लगाउँदै संसद् विघटन गरे। उनले आफ्नो कदमलाई राष्ट्र बचाउन आवश्यक भएको बताए र धेरै बौद्धिकहरूले उनलाई समर्थन गरे।

यसरी सुरू भएको पञ्चायत व्यवस्था तीस वर्षसम्म टिकिरह्यो–केवल बल प्रयोगका कारण मात्र होइन, बरू कर्मचारीतन्त्र, विद्वान बर्ग, राजनीतिज्ञहरू र सञ्चार माध्यमको पनि यसमा समर्थन र सहयोग रहयो। पञ्चायतले देश बिकासको जग अर्थात आधाराशिला पनि निर्माण गऱ्यो। म ती दिनहरू स्पष्ट रूपमा सम्झन्छु। सार्वजनिक रूपमा धेरैले उक्त व्यवस्थाको प्रशंसा गर्थे; तर १९९० को जनआन्दोलनपछि तिनै व्यक्तिहरू अचानक बिना संकोच सजिलैसित बहुदलीय लोकतन्त्रका समर्थकका रूपमा प्रस्तुत भए। जता शक्ति उतै भक्ति भन्ने नेपाली उखान जस्तो।

यो प्रवृत्ति २०६५ सालमा राजतन्त्रको अन्त्यपछि पनि दोहोरियो। उनै मान्छेहरू राजतन्त्रबादीवाट गणतन्त्रवादी भए राजनीतिक नामहरू बदलिँदै गए–लोकतान्त्रिक, संघीय, गणतान्त्रिक–तर बहुजनको मानसिकता र प्रवृत्ति प्रायः उस्तै रह्यो। सरकारहरूले पारदर्शिताको वाचा गरे, तर नातावाद कृपावाद, आफन्तबाद, मुख्यतः दलीय स्वार्थवाद र पक्षपातका सञ्जालहरू विस्तार गरे। राजनीतिक दलहरूले राष्ट्रिय एकताको कुरा गरे, तर निर्वाचन लाभका लागि दलीय गठवन्धन् र भागवण्डा गर्ने बाहेक राष्ट्रिय एकता नारामा मात्र सीमित राखे। मुलुकमा प्रजातन्त्र र लोकतन्त्र होइन दलतन्त्र र नेतातन्त्र स्थापना गरे। हुन नहुने कुरा हुन भएन भनी सुधारको लागि बोल्ने धेरै भएनन्।

यस अवस्थालाई दशकौंसम्म रहन सम्भव बनाउने कुरा थियो वौद्धिक बदमास र बौद्धिक बेइमानी– प्रबुद्ध, वौद्धिक, बुद्धिजीबी शिक्षित भएर पनि आफ्नो मात्र फायदा र स्वार्थसिद्धिका लागि सत्तासामु सत्य बोल्न वा आफैसँग सत्य स्वीकार गर्न नचाहने प्रवृत्ति। अर्थात ठीकलाई ठीक, बेठिकलाई बेठिक भन्न सक्ने संस्कारको अभाव। अर्को शब्दमा भन्ने हो भने आफ्नो मात्र फायदाको लागि असत्यलाई साथदिने प्रवृति। यसो हुँदा बिभिन्न दलका सीमित नेता र तीनका आसेपासेहरूले देश र जनतालाई लुटी तीन दशक भन्दा बढी शासन चलाए।

### बोलाइमा सुशासन् र गराइमा कुशासन

नेताहरू त्यागको कुरा गर्छन्, तर व्यवहारमा स्वार्थको अभ्यास गर्छन्। उनीहरू प्रत्येक कुराको सन्दर्भमा जनताको नाम उच्चारण गर्छन्, तर जनतावाट प्राप्त गरेको शासन गर्ने शक्ति र पद जनताको हितका लागि नभई व्यक्तिगत वा दलगत हितका लागि प्रयोग गर्छन्। नक्कली भुटानी शरणार्थी प्रकरण, अकल्पनीय सहकारी वित्तीय ठगी र विकास कोषको दुरूपयोग आदि हालका अनगिन्ति घोटालाहरूले मुलुकमा भ्रष्टाचार कसरी राजनीतिज्ञ, कर्मचारी, वकिल र व्यवसायिक स्वार्थहरूको सञ्जालमार्फत सञ्चालन हुन्छ भन्ने कुरा प्रस्ट देखाएका छन्। समस्या केवल यिनीहरूले गलत काम मात्र गरे गराएका मात्र होइनन् त्यसलाई औचित्य साबित गर्ने, लुकाउने वा सानो बनाएर दोषीलाई कम सजाय दिने बा उम्काउने प्रयास गर्ने गराउने काम पनि भइआएको सबैलाई थाहा छ। यसरी बोलाइमा सुशासन भएपनि गराइबाट कुशासन हुन गयो

### बुद्धिजीवी र राजनीतिजीबी

शिक्षा सत्यको मन्दिर हुनुपर्छ भन्ने कुरा सर्वविदित छ। राष्ट्र उत्थानको लागि शिक्षित, बौद्धिक, बिद्वानवर्ग सबभन्दा सत्यवादी, निस्पक्ष र इमान्दार हुनुपर्ने कुरा पनि सबैलाई ज्ञात छ। नेपालमा भइरहेको राजनैतिक बेइमानी र बिकृतिको छायाँ शिक्षा क्षेत्रमा पनि परेकोले बुद्धिजीवी भनाउँदाहरूनै बढी राजनीतिजीवी हुनगएको तथ्य पनि कसैबाट छिपेको छैन। त्रिभुवन विश्वविद्यालय केन्द्रीय पुस्तकालयकी संस्थापक प्रमुख पुस्तकालयाध्यक्ष मेरी प्रिय पत्नी शान्ति मिश्र र त्रि.वि का विभिन्न निकायहरू र त्रिभुवन विश्वविद्यालय सेवा आयोग कार्यालयको प्रमुखका रूपमा पनि सेवा गर्ने मैले अर्थात हामीले यो वास्तविकताको अनुभव व्यक्तिगत रूपमा पनि गऱ्यौं। हाम्रो स्वतन्त्र सोच, इमानदारी र निष्ठाका कारण २०४९ सालमा केदार भक्त माथेमाको उपकुलपतित्वकालमा हामीलाई हाम्रो अवकाश उमेरको धेरै समय अगावै अवकाश दिइयो। हामीलाई कर्तव्य पूरा नगरेको कारणले होइन, बरू अत्यन्त इमानदारीपूर्वक काम गरेको र विश्वविद्यालयको प्रतिष्ठा तलमाथि नहुने गरी स्वतन्त्र र स्वाभिमानपूर्वक सेवा गर्ने कारणले सो कुरा नपच्ने राजनैतिक षडयन्त्रकारीहरूले हामीलाई पाखा लगाइएको भन्ने कुरा निस्पक्ष अनुसन्धान र छानविन गरे स्पष्ट हुन्छ। अर्कोतिर नातावाद, कृपावाद, दलीय सम्बन्ध र राजनैतिक तन्त्र र मन्त्रको कारण यहीबेला यस्ता मानिसहरू भने कसरी ठूला ठूला पद उक्लदै गए भन्ने कुरा यही विश्वविद्यालयमा यहीबेला पहिले रजिष्ट्रार, त्यसको केही समय पछि फेरि त्रि.वि सेवा आयोगको अध्यक्ष हुने सौभाग्य पाएका नेपाली कांग्रेस पार्टीका नेता बासु रिसालका भाइ प्रा. सुदर्शन रिसालको जीबनी र प्रगति थाहा पाए स्पष्ट हुन्छ। फलस्वरूप ज्ञानको केन्द्र हुनुपर्ने विश्वविद्यालयहरू क्रमशः राजनीतिक प्रतिस्पर्धाका मैदान बन्न थालेका छन्। शैक्षिक नेतृत्वका पदहरू शैक्षिक उत्कृष्टताको सट्टा दलगत सम्बन्धले निर्धारण गर्ने अवस्था बढ्दै गएको छ। जब ज्ञानदिने संस्था स्वयं राजनैतिक स्वार्थसिद्धिको साधन बन्छ, तब समाजले ज्ञान र सत्यको सबैभन्दा महत्वपूर्ण संरक्षक गुमाउँछ भन्ने कुरा सबैलाई ज्ञातैछ। आज यस्तै भइरहेकोछ।

### वौद्धिक बदमास र समाज

बौद्धिक बेइमानी केवल अभिजात वर्गमा मात्र सीमित नभई यो दैनिक जीवनमा पनि सर्बत्र फैलिएकोछ। नेपालीहरू सत्य र धर्मको कुरा गर्छन्, तर व्यवहारमा बेइमानीलाई कहिलेकाहीँ बाँच्ने रणनीति भनेर स्वीकार गर्छन्। व्यापारीले कर छल्छ र त्यसलाई चातुर्य भनी गर्ब गर्छ। सार्वजनिक सेवामा वस्ने संस्थाका कर्मचारीहरूले अनौपचारिक “कृतज्ञता”को रूपमा धेरै थोरै रकम हात नपरेसम्म काम नगरी जनतालाई दुःख दिन्छन्। सत्य र तथ्यको आधारमा सही सूचना प्रबाह गर्ने पेशा अँगालेका पत्रकार बन्धुहरू समेत आफनो स्वार्थपूर्तिका लागि असत्यलाई सत्य साबित गर्ने प्रयासमा पनि लागेका हुन्छन्। यो हाम्रो संस्कार जस्तै भइसकेको छ।

धर्म पनि कहिलेकाहीँ कपटसँग गाँसिन्छ। पूजा-पाठ बढ्छ, मन्दिरहरू भीडले भरिन्छन्, धार्मिक प्रबचन र उपदेश प्रशस्त सुनिन्छ–तर सार्वजनिक जीवनमा नैतिक आचरण कमजोर देखिन्छ। जब सद्गुणलाई उपहास गरिन्छ र छललाई पुरस्कार दिइन्छ, समाजले आफ्नो नैतिक दिशा गुमाउँछ।

### बौद्धिक बदमास् र नैतिक पतन्

बौद्धिक बेइमानीको सबैभन्दा ठूलो खतरा नैतिक पतन हो। जब सत्यको मूल्य हराउँछ, तब न्याय, अधिकार, यहाँसम्म कि देशभक्ति समेत सबै कुरा सम्झौतायोग्य हुनजान्छ। यस अवस्थामा हाम्रा मुलुकका हाम्रा लोकतान्त्रिक, साम्यबादी, समाजवादी वा राजावादी आदि भएका, बनेका, भनिएका हाम्रा सबैजसो नेताहरू हाम्रा धार्मिक महाकाव्यका अत्याचारी पात्रहरू रावण र कंस जस्तै भएका हामीलाई अनुभब छ। उनीहरूका स्वार्थी अनुयायी र कार्यकर्ताहरू पनि उही दैत्य स्वभाव र चालचलनका भएका पनि हाम्रो अनुभव छ। यस प्रसङ्गमा उनीहरूले आपनो शक्ति, पद, प्रतिष्ठा कहिल्यै नगुम्ने र उनीहरूको छलकपट र झुट्टा क्रियाकलापमा जनताले सधैं विश्वास गरिरहने ठाने। बिकल्पको अभाव र बाध्यतामा जनताले सबै अत्याचार सही बसे।

यस स्थितिमा पनि दशकौंदेखि मैले यी गलत कामहरू विरूद्ध बोल्ने र लेख्ने गरिआएको भएपनि यसबाट कुनै असर नपरेको र जनताको सचेतता र जागरूकता नदेखिएको सन्दर्भमा अति दिकदारी, दिक्क र निरूत्साह भई यो मुलुकमा कहिल्यै पनि राम्रो परिवर्तन आउँदैन भनी म निराश भएको थिएँ। यही चिन्तालाई ध्यानमा राख्दै मैले मिति २०८२ फागुन १४ (Feb. २६, २०२६) को People's Review मा लेखेको नेपालः सौन्दर्य, पीडा र अनुत्तरित रहस्य (Nepal: Beauty, Suffering, and an Unanswered Mystery) शिर्षकको लेखमा निम्न कुरा लेखेको थिए।

‘भ्रष्टाचार, अन्याय र बारम्बारका विश्वासघातका बाबजुद पनि जनता फेरि त्यही शक्तिहरूमाथि विश्वास गर्न सक्छन् अर्थात मत हाल्न सक्छन्, जसले उनीहरूलाई अधोगतिमा पुरयाएका छन्।’

### जनताको सचेतता र जागरूकता

जति अन्याय, अत्याचार; थिचोमिचो, शोषण, दमन्, हक अधिकार हनन् गरी दुःख पीडा दिएपनि जनताले प्रभावकारी आवाज र विरोध नजनाएको स्थितिबाट म विवश र निराश भएको थिएँ। नेपालमा नीतिहरूको अभावले होइन, इमानदारीताको अभावले जनता पीडित हुन परेको भन्ने मेरो विवेकले भन्छ। कानुन बनाइन्छन्, संस्थाहरू स्थापना गरिन्छन्, तर जिम्मेवार राजनीतिज्ञहरू र अन्य उच्च पदाधिकारीहरूमा इमान्दारिता र विवेक नहुन गएको कारण भएका कानूनहरूको सही कार्यान्वयन् र भएका स्थापित संस्थाहरू सही सञ्चालन् नभएको स्पष्ट छ। तर हालैको आमनिर्वाचनमा जनताले देखाएको इमानदारी, बुद्धिमत्ता र नैतिक साहसले मलाई उत्साहित बनाएको छ। मलाई लाग्छ, नेपालमा एउटा बौद्धिक क्रान्ति भएको छ। नेपाली समाज सचेत र जागरूक भएको यो अति रमाइलो प्रमाण हो। म ती नागरिकहरूलाई बधाई दिन्छु जसले विवेक र निष्ठाका साथ मतदान गरे, बेइमानी र दुराचारलाई अस्वीकार गरे। साथै म आशा गर्दछु कि अब सत्तामा पुगेका नेता र दलहरूले जनताले दिएको विश्वासको आदर, सम्मान सदुपयोग गरी, अघिल्ला राजनीतिज्ञहरूले जस्तै राष्ट्र र जनतालाई विश्वासघात र धोका नदिई देश र जनताको सेवा इमानदारी र समर्पणका साथ गर्नेछन्।

### सत्यनिष्ठा र हाम्रो भविष्य

राष्ट्रिय रूपान्तरण व्यक्तिगत निष्ठाबाट सुरू हुन्छ। नेपालको भविष्य केवल चुनाव र आर्थिक नीतिहरूले मात्र निर्धारण गर्दैन; यो पनि निर्भर गर्छ कि नागरिकहरूले–विशेष गरी शिक्षित र प्रभावशाली वर्गले–आफनो मात्र स्वार्थ र सुविधाभन्दा सत्य र निष्ठालाई रोज्छन् कि रोज्दैनन् ? सत्य र निष्ठालाई प्राथमिकता दिने संस्कार रह्यो भने राष्ट्रको बिकास हुन्छ। देश समृद्ध भई जनताले सुख पाउँछन्।

इतिहासले देखाउँछ–राष्ट्रहरू केवल भ्रष्ट नेताका कारण पतन हुँदैनन्, तर धेरै इमानदार मानिसहरू मौन बसेका कारण पनि पतन हुन्छन्। नेपालको पुनर्जागरण त्यतिबेला सुरू हुनेछ जब सत्य निर्भीक भएर बोलिनेछ र मान्छेको सत्य र निष्ठा पदीय शक्ति भन्दा बलियो हुन्छ।

यदि इमानदारी फेरि हाम्रो सार्वजनिक जीवनको मार्गदर्शक सिद्धान्त बन्यो भने, नेपालको अद्भुत सौन्दर्य, बुद्धि र आध्यात्मिक सम्पदा अब राजनीति र यथार्थबीचको पीडादायी विरोधाभास बन्ने छैन। बरू ती नै न्यायपूर्ण, गरिमामय र आशावादी राष्ट्रको आधार बन्नेछन्।

अन्ततः नेपालको भविष्य नारा वा वाचाहरूले होइन, सत्यलाई छलभन्दा माथि र विवेकलाई सुविधाभन्दा माथि राख्ने जनताको साहसले निर्धारण गर्नेछ। अहिले जस्तै जनता सदा सचेत, जागरूक रहे जनताको मतले शक्ति र पद पाउने जनप्रतिनिधिहरू जनताका मालिक नभई सच्चा सेवक हुनपर्ने सत्यज्ञान र संस्कार तिनीहरूको मनमष्तिष्कमा जरूर स्थापना हुनेछ। अनि यो देशको उत्थान जरूर दूतगतिमा हुनेछ भन्ने आशा गर्न सकिन्छ। अन्यथा जनताको मत पाई, शक्ति पाई राष्ट्रप्रति, प्रधानमन्त्री, मन्त्री आदि हुने महानुभावहरू फेरिपनि पहिले जस्तै रावण र कंश जस्तै महादैत्य भई निस्कने कुरामा शङ्का छैन।

*narayanshanti70@gmail.com*

*लेखक परिचयः एक वरिष्ठ नागरिक, त्रिभुवन विश्वविद्यालय सेवा आयोग कार्यालयका निवृत पदाधिकारी, पूर्व प्रमुख, शैक्षिक प्रशासक तथा शिक्षा, राजनीति, सरकार, शासन-प्रशासन र सार्वजनिक सरोकारका मामिलासम्बन्धी नेपाली र अंग्रेजी दुवै भाषामा लेखिएका केही पुस्तक र असंख्य निस्पक्ष लेखहरूका लेखक।*

# जब टाढाका युद्धहरू हिमालयसम्म पुग्छन्



डा. जनार्दन सुवेदी

शम्भुले आफ्नो खाली मोबाइलतर्फ टकटक्याउँदै, दुवईबाट दाजुले पैसा पठाएको दिनहरू गन्दै बसे। यद्यपि खाडी हजारौँ माइल टाढा थियो, त्यहाँको प्रत्येक कम्पन उसको गाउँमा प्रतिध्वनित हुन्थ्यो। दशकौंसम्म, रेमिट्यान्सहरू अदृश्य आधार बनेका थिए–उसको थालमा मासुभात, विद्यालय शुल्क तिरेको, र आलमारीमा औषधि राखिएको। अब त्यो आधार डगमगिन थाल्यो। कतै पर्वत र मरूभूमि पार generals र diplomatsहरूले बोर्डमा गोटीहरू सारिरहेका थिए, र शम्भुको जीवन उनीहरूको गल्ती वा दयामा निर्भर थियो।

नेपालले कहिल्यै सैनिक पठाएको थिएन त्यो टाढाको भूमिमा, तर यसको भाग्यसँग घनिष्ठ रूपमा गाँसिएको थियो। लाखौं नेपालीहरू निर्माण साइटहरूमा, सेवा उद्योगमा, र विदेशका अग्ला भवनहरूमा काम गर्थे। उनीहरूको कमाइ घरघरमा, गाउँहरूमा, र राष्ट्रिय खातासम्म जीवनरक्तझैँ बग्थ्यो। अब, द्वन्द्वले सामूहिक उद्धारको खतरा ल्याउँदा, शम्भुले आफ्नो दाजुलाई भीडभाड भएको विमानस्थलमा, हातमा पासपोर्ट, रेमिट्यान्सको तार जान्छ कि जाँदैन भन्ने अनिश्चिततामा कल्पना गर्यो–परिवार बाँच्ने कि नबाँच्ने, वा फेरि सामान्य महसुस हुने कि नहुने। हालैको निर्वाचनले देशलाई झस्कायो। केही वर्ष मात्र पुरानो राष्ट्रिय स्वतन्त्र पार्टी दुई-तिहाइ बहुमतमा उक्लियो। पुराना पार्टीहरू, जसले लामो समयदेखि लोकतन्त्रलाई प्रदर्शनझैँ व्यवहार गरेका थिए, निर्णायक रूपमा अस्वीकृत भए। शम्भुको परिवारजस्ता गाउँलेहरूले परिवर्तनको जनादेश मनाए, तर वास्तविकता कठोर थियोः अपरीक्षित संस्थाहरू, थकित प्रशासन, र विदेशी शक्तिहरूको टाढाको मनोवृत्तिमा निर्भर अर्थतन्त्र। विजय विद्युतीय थियो, तर यसले कुनै मतपेटीले धान्न नसक्ने भार बोकेको थियो।

ऊर्जामा निर्भरता अर्को गम्भीर समस्या थियो। विश्वको करिब पाँचौं तेल होर्मुजको जलडमरूमध्य हुँदै जान्छ। एउटा सानो झडप वा अवरूद्ध ढुवानीले मूल्यहरू बढाउन सक्थ्यो। नेपालले भारतमार्फत प्रशोधित पेट्रोलियम आयात गर्छ, जसको अर्थ शम्भुले हरेक रूपैयाँ, बस भाडा, मासुभात, र खाना पकाउने ग्यास फेरि गणना गर्नुपर्छ। ऊ आफ्नो मनमा श्रृंखलाबद्ध प्रतिक्रिया देख्छः मरूभूमिमा बम, ढुवानी ढिलाइ, गुणित लागत। यदि आपूर्ति पूर्ण रूपमा रोकिन्छ भने, खाली आलमारी, मौन पम्प, र नबलेका चुल्हा वास्तविकता बन्नेछन्। उद्धारको खतरा गह्रौं थियो। हजारौँ मानिस एकैपटक विमानस्थलमा भीडिन सक्थे। रेमिट्यान्सहरू ढल्न सक्थे। फर्किएका आप्रवासीहरूले आवास, रोजगारी, र सामाजिक सेवामा प्रतिस्पर्धा गर्थे। लोकप्रिय जनादेशसहितको नयाँ सरकारलाई यसको छोटो इतिहासमा कहिल्यै नभएको तनाव परीक्षण सामना गर्नुपर्ने थियोः दबाबमा रणनीतिक दक्षता, तनावमा घरेलु एकता, अस्तित्वको प्रश्न।

नेपाल चीन र भारतबीच छ, दुवै पश्चिम एशियाका कम्पनप्रति सतर्क छन्। चीन ऊर्जा मार्गहरू र इरानी साझेदारीहरू निगरानी गर्छ। भारतले इजरायल, अमेरिका, र क्षेत्रीय पहलहरू सन्तुलन गर्छ। नेपालको गुटनिरपेक्षता, पहिले सरल, अब लगभग अतिमानवीय कूटनीतिक कौशल माग्छ। कमजोरी वा आकस्मिकताले सिद्धान्तलाई कमजोरीमा बदल्न सक्थ्यो। साना कूटनीतिक चुकहरूले समय र स्थानभरि प्रतिध्वनि गर्न सक्थे। शम्भुले यसलाई छिमेकीहरूको फुसफुसिएको चिन्ता, समाचार शीर्षकमा तन्किएका नजर, र प्रत्येक मासुभातमा मौन प्रश्नमा महसुस गर्छः के हामी बाँच्नेछौँ ?

शम्भुले बुझ्छ कि विश्व रणनीति केवल अमूर्त अवधारणा होइन, बरू अस्तित्वको गणना हो। नेपालको आर्थिक निर्भरता प्रत्येक झट्कासँग गहिरिन्छ। तेल मूल्य वृद्धि यातायात र ऊर्जामा असर गर्छ। रेमिट्यान्स प्रवाहमा गिरावटले घरपरिवारलाई दबाब दिन्छ, घरेलु खर्च सुस्त पार्छ, र सामाजिक तनाव बढाउँछ। अस्थिरताले देशको अनुकूलन क्षमता घटाउँछ। आयातित प्रत्येक तरंगले स्थानीय सुनामी जन्माउन सक्थ्यो। तर, यी कमजोरीहरूले निर्णायक कार्यका मार्ग पनि खोल्छन्। जीवनलाई धम्की दिने यही सीमाहरूले राम्रो नीति, स्मार्ट योजना, र बलियो संस्थाहरूलाई सूचित गर्नसक्छ। शम्भुको सहनशीलता राष्ट्रकै प्रतिबिम्ब हो। भूगोलले केही सुरक्षा दिन्छ, तर आंशिक मात्र। हिमालयले सेनाबाट बचाउन सक्छ, सायद, तर उद्धारको खतराबाट होइन।

दुई-तिहाइ बहुमतसहितको राष्ट्रिय स्वतन्त्र पार्टी सरकारले सीमाहरूलाई रणनीतिमा बदल्न सक्थ्यो। आर्थिक विविधीकरणले विदेशी श्रममा निर्भरता घटाउन सक्थ्यो। रणनीतिक ऊर्जा भण्डार र वैकल्पिक आपूर्ति शृंखलाले झट्काहरूलाई कम गर्न सक्थे। सक्रिय कूटनीतिले स्वायत्तता बचाउन सक्थ्यो र भारत, चीन, तथा अन्तर्राष्ट्रिय शक्तिहरूको दबाबलाई व्यवस्थापन गर्न सक्थ्यो। वैश्विक द्वन्द्वहरूले तनाव परीक्षणको काम गर्छन्–त्रुटिहरू उजागर गर्छन् तर बलियो नेतृत्वका ढोका पनि खोल्छन्। प्रभावकारी शासनले विश्वसनीयता बढाउन, संस्थाहरूलाई बलियो बनाउन, र क्षेत्रीय सम्बन्धलाई गहिरो बनाउन सक्थ्यो। असफलताले भने घरेलु जीवन अस्थिर पार्न सक्थ्यो, आर्थिक झट्काहरूलाई बढाउन सक्थ्यो, र बाह्य दबाबलाई आमन्त्रण गर्न सक्थ्यो।

शम्भुको घरले ठूला चुनौतीहरूको प्रतिबिम्ब देखाउँछ। खाली मोबाइल स्क्रिन, बढ्दो बस भाडा, ढिलो ट्युसन, र उद्धारको खतरा–यी सबै भू-राजनीतिक अस्थिरताका मापन हुन्। हिमालयले आश्रय दिन्छ तर अब अलगाव दिन्न। प्रत्येक निर्णय, ढिलाइ, र गल्तीले भार बोकेको छ। कठिनाइमा पनि विकल्प हुन्छ। सरकारले खतरा अवसरमा बदल्न सक्छ–निर्भरतालाई रणनीतिमा, नाजुकतालाई सहनशीलतामा।

वैश्विक झट्का, नीतिगत असफलता, र आर्थिक निर्भरता अब केवल कमजोरी मात्र होइनन्; यी दक्षता प्रदर्शन गर्ने, एकता बलियो बनाउने, र निर्वाचन जनादेशलाई स्थायी कार्यमा रूपान्तरण गर्ने अवसर हुन्। नेपालको अस्तित्व वैश्विक संकट र स्थानीय वास्तविकताबीचको जटिल अन्तरक्रियालाई बुझ्नमा, र निर्णायक रूपमा कार्य गर्नमा निर्भर छ। हिमालहरू अझै मौन रूपमा हेर्छन्, तर जीवन सुरक्षित, स्थिर, र आशावादी रहन्छ कि रहँदैन भन्ने कुरा मानिसहरू, संस्थाहरू, र नेताहरूको निर्णयमा निर्भर छ।

शम्भुको गाउँमा, टाढाको युद्धको गर्जन वास्तविकता हो–अनिश्चितताको झिल्को, बजेटको कडाइ, र दाजुको सुरक्षाबारे मौन चिन्ता। शम्भुको चिन्ताले प्रणालीगत नाजुकताको भार बोकेको छ। प्रत्येक दिन युद्धको टाढाको आवाज आउँछ–नीति मात्र होइन, अस्तित्वको प्रत्यक्ष खतरा। भूगोल अब मात्र ढाल हुन सक्दैन।

कठिनाइमा पनि विकल्प हुन्छ। सरकारले खतरा अवसरमा बदल्न सक्छ–सीमालाई रणनीतिमा, नाजुकतालाई सहनशीलताको योजनामा। व्यक्तिगत र भू-राजनीतिक संसारहरू कति गहिरो रूपमा गाँसिएका छन्। अन्ततः, सहनशीलता केवल सहनु मात्र होइन, यी अदृश्य धागाहरूलाई चिन्नु, पछ्याउनु, र भाँचिनु अघि कार्य गर्नु पनि हो।

वैश्विक द्वन्द्वहरू पर्वतपार प्रतिध्वनित हुन्छन्, र हिमालय अब दूरीको भ्रम दिन्न।

# The Curse of the Majority: A Moment of Opportunity for RSP




Dr. Alok K. Bohara

***From Girija to Prachanda to Oli, large mandates in Nepal have often ended in institutional overreach and political collapse. Will this moment be different¿***

Preamble: Nepal has reached a rare political moment. The sweeping mandate given to the Rastriya Swatantra Party reflects a deep public desire to clean up politics and restore credibility to governance.

History, however, offers a warning. Large mandates in Nepal—from the democratic restoration of 1990 to the republican transition and beyond—have often fallen victim to the curse of the majority, when overwhelming power weakens the discipline needed to protect institutions.

The real test now is reform. If this mandate is to matter, it must translate into institutional change. Among many reforms that deserve attention, a few require immediate action: a professional executive where ministers are not simultaneously members of parliament, a broader and more democratic process for electing the president, a more accountable and directly elected upper house, and electoral rules that strengthen competition rather than patronage. Whether Nepal repeats its familiar cycle of mandate and disappointment—or finally breaks it—will depend on what happens next.

*Nepal's latest election has produced a remarkable political moment. The sweeping victory of the Rastriya Swatantra Party (RSP), following the civic awakening led largely by Gen-Z voters, has dismantled much of the old political order. Such electoral shocks are rare in democratic systems. They usually reflect deep public frustration—but also deep hope.*

*Yet Nepal's political history suggests that overwhelming mandates can carry hidden dangers. Time and again, leaders who came to power with historic legitimacy eventually encountered what might be called the curse of the majority.*

*Before reflecting on that risk, it is worth acknowledging the historical contributions of the leaders who preceded this moment.*

*In 1990, Girija Prasad Koirala and the Nepali Congress helped restore multiparty democracy after decades of authoritarian rule. That moment represented a victory for liberty and political freedom. The door to democratic competition was reopened.*

*Years later, Prachanda and the Maoist movement brought another powerful political current into the national mainstream. The republican transition, despite the violent path that preceded it, ultimately expanded the agenda of social justice and inclusion in Nepal's political imagination.*

*More recently, K.P. Oli presided over the constitutional settlement (with Sushil Koirala) that formalized the federal republican framework. That period, despite its intense political contestation and blockade, completed an important stage of Nepal's constitutional evolution.*

*Each of these leaders played a role in shaping the modern Nepali state. Yet each of them also encountered the same paradox: once in power with large mandates, their governments eventually succumbed to the curse of the majority—internal conflict, institutional overreach, or political fragmentation.*

*Nepal now stands at another such moment.*

***The Balen Moment and a New Political Energy***

*The rise of new political energy did not emerge in isolation. One important symbolic turning point came from outside traditional party structures.*

*When Balen Shah won the Kathmandu mayoral election, it sent a signal that citizens were willing to bypass established political machinery. His Janakpur speech, in particular, resonated across the Terai.*

*For many Madhesi citizens, it felt as if a long-missing message had finally been spoken: that they were not outsiders to the Nepali state but equal participants in it.*

*For a brief moment, a large section of the Terai—especially among younger voters—felt that a "knight in shining armor" had appeared who spoke their language and gave hope beyond the traditional divisions of Kathmandu politics.*

*That emotional shift matters. It helped create the civic energy that ultimately fueled the broader electoral correction we are witnessing today.*

*Now that energy has translated into a parliamentary mandate for RSP.*

*But this is precisely where Nepal's political history offers its warning.*

***The Curse of the Majority***

*Large victories can create a dangerous illusion: that electoral legitimacy alone is enough to transform a system. In reality, large mandates often produce three temptations.*

*First, the temptation to dominate institutions rather than strengthen them. Second, the temptation to suppress internal debate in the name of unity. Third, the temptation to move too quickly without building durable institutional rules.*

*Nepal has experienced all three. The lesson for the new political leadership is therefore straightforward: a large majority should produce humility and restraint, not triumphalism.*

*The real test of a political movement begins after it wins power.*

***Now Comes the Real Test: Reform***

*RSP has spent years arguing that Nepal's governance model requires structural reform. The present mandate now gives them a rare opportunity to translate those ideas into practice.*

*This election was not formally conducted under a directly elected prime ministerial system. Yet the scale of the mandate resembles what such a system might produce. In effect, voters have delivered a signal similar to a direct mandate.*

*The question now is whether the party will act on the reforms it has long advocated.*

*One such reform concerns the relationship between ministers and parliament.*

*RSP has repeatedly argued that ministers should not simultaneously serve as Members of Parliament. This principle would move Nepal closer to a professional executive structure, where ministers are selected based on expertise rather than parliamentary bargaining.*

*Another reform concerns the presidency.*

*Currently, Nepal's president is chosen by a relatively small electoral college composed of national and provincial political elites (800+). The process is often shaped by intense political bargaining behind closed doors.*

*An alternative would be to elect the president through a much broader electoral base—for example, by involving tens of thousands of elected representatives from across the country, including ward-level officials (35000+). Such a system would remain indirect, but it would dramatically widen democratic participation and reduce elite horse-trading.*

*A third area concerns the National Assembly.*

*At present, the upper house largely reflects a share-based political arrangement among parties. A stronger institutional design might involve direct election of National Assembly members, creating a chamber with clearer democratic legitimacy and independence.*

*These are not radical proposals. They are governance reforms that RSP itself has previously discussed. Implementing even some of them would signal a serious break from the political habits of the past.*

*In other words, it would demonstrate that this new political moment is not merely about replacing one set of leaders with another.*

***Putting the Mandate to Work***

*Nepal's voters have sent a powerful message. They want a politics that is cleaner, more accountable, and more forward-looking.*

*But electoral waves can fade quickly if they do not translate into institutional reform.*

*The opportunity before RSP is therefore historic. If it uses its mandate to strengthen institutions, expand democratic participation, and implement the governance reforms it has long advocated, Nepal may finally move beyond the cycles of political breakdown that have marked the past three decades.*

*If not, the country may once again rediscover the old lesson of Nepali politics: that the greatest danger for a new government often lies not in its opposition, but in the size of its own victory.*

***Dr. Alok K. Bohara, Emeritus Professor of Economics at the University of New Mexico, writes as an independent observer of Nepal's democratic evolution through the lens of complexity and emergence science. His systems-policy essays on Nepal's socio-economic and political landscape appear on Nepal Unplugged.***

# Social Justice and the Test of Credibility at the UN

**Dr. Ghulam Nabi Fai**
**Chairman**
**World Forum for Peace & Justice**




The 64th session of the Commission for Social Development (CSD) concluded at United Nations Headquarters in New York with a theme both ambitious and timely: "Advancing Social Development and Social Justice through Coordinated, Equitable, and Inclusive Policies." In a world fractured by war, economic inequality, climate instability, and political polarization, the promise of coordinated and inclusive social policy could not be more urgent.

From the outset, Ambassador Khrystyna Hayovyshyn of Ukraine, serving as Chair of the Commission, set a hopeful tone. In her inaugural address, she reminded delegates that social development and social justice are "far from being secondary concerns." They are central, she argued, because they touch people's daily lives, dignity, and ultimately the credibility of multilateralism itself.

Her words resonated: "Ensuring an adequate social standard is not a matter of charity; it is a shared global obligation." That simple but powerful statement captured the spirit of the 2030 Agenda — that development is not benevolence bestowed by the fortunate upon the less fortunate, but a collective responsibility rooted in human dignity.

Ambassador Hayovyshyn also emphasized that "the international community must move from declarations to practical action." The Commission, she underscored, has a primary responsibility to follow up on the social development commitments set forth in the Doha Political Declaration adopted at the Second World Summit for Social Development in 2025. "This is not a conceptual exercise," she stressed, urging member states to translate commitments into concrete measures through draft resolutions and an action-oriented program of work.

In her closing remarks, she cautioned that fragmented approaches are no longer sufficient. Today's social challenges are interconnected; poverty intersects with conflict, inequality with exclusion, insecurity with displacement. Equity, inclusion, and coordination, she noted, are essential if the Commission's work is to have tangible impact.

The President of the General Assembly, Ambassador Annalena Baerbock, echoed these sentiments. Delivering on social justice and development goals, she said, is both a moral imperative and an investment in stability and resilience. At a time when the world's attention is consumed by multiple crises, she urged the international community not to lose sight of the foundational importance of inclusive social development. In one of the session's most memorable lines, she observed that "the world does not only need the United Nations; the United Nations, in these times, needs the world."

The session concluded with the adoption of a resolution reaffirming commitment to the full implementation of the 2030 Agenda for Sustainable Development, recognizing that social development and social justice are indispensable to achieving the Sustainable Development Goals and ensuring that no one is left behind.

Yet one cannot help but ask: beyond reaffirmation, what has changedż

There was hope that practical steps would emerge from this week-long deliberation. Instead, the outcome felt familiar — a reiteration of commitments and a promise to reconvene next year. While consensus language is important in multilateral diplomacy, the credibility of such forums ultimately depends on measurable action.

In my written submission to the Commission, I highlighted Jammu and Kashmir as one context where the lofty aspirations of social justice confront harsh realities. Decades of conflict, heavy militarization, communication restrictions, recurrent security operations, and structural constraints on rights and livelihoods have produced profound consequences for social development and human wellbeing.

Communities face elevated poverty, psychosocial trauma, and service disruption. Vulnerable groups — women, children, youth, and the elderly — bear disproportionate burdens. Prolonged curfews and communication shutdowns disrupt education, healthcare, and economic life. The absence of accountability under laws such as the Public Safety Act (PSA) and the Unlawful Activities Prevention Act (UAPA) deepens mistrust and insecurity.

For children, the consequences are especially severe. Schools are periodically closed or converted into security facilities. Recreational spaces are limited. Many children grow up with memories defined not by play and learning, but by anxiety and uncertainty. According to Save the Children, the number of orphans in Kashmir rose dramatically between the mid-1990s (35,000) and the late 2000s (80,000), leaving thousands vulnerable to trauma and economic hardship.

Women, too, carry a disproportionate share of the conflict's burden. Widows and so-called "half-widows" — women whose husbands have disappeared but are not legally declared dead — face economic precarity and social stigma. Credible reports document thousands of cases of sexual violence over decades, with long-lasting psychological consequences. The Kunan Poshpora case remains emblematic of how collective trauma can stigmatize entire communities for generations.

These realities are not unique to Kashmir. Across the globe, from other conflict zones to occupied territories, social development falters where insecurity and impunity prevail. The Doha Political Declaration reaffirmed commitments to poverty eradication, inclusion, and universal social protection. But operationalizing these commitments requires more than reaffirmation.

It requires recognizing conflict-affected territories as priority contexts within global social development agendas. It requires embedding human rights and conflict-sensitivity into development cooperation. It requires systematic reporting by the UN system on social development indicators in such regions — poverty, education, health, and access to social protection. And it requires ensuring that the principle of "leaving no one behind" truly applies to everyone, without political exception.

The CSD's discussions were thoughtful and principled. But principles must be tested in the world's most difficult contexts. If social justice is indeed central to multilateral credibility, then populations living under prolonged conflict cannot remain peripheral to global development discourse.

There is still time for action before the next session convenes. The United Nations Special Rapporteurs on Violence against Women and on the Sale and Sexual Exploitation of Children should be encouraged to seek access to affected regions, including Kashmir, conduct independent assessments, and report back to the Human Rights Council. Such steps would signal that the international community is serious about moving from declarations to practice.

The United Nations was founded on the promise of human dignity and equal rights. The Commission for Social Development has affirmed that promise once again. The challenge now is to ensure that those living in the shadows of conflict and occupation are not left waiting — year after year — for the world to translate its words into action.

Dr. Fai is also the Secretary General
World Kashmir Awareness forum./www.kashmirawareness.org

# राष्ट्रिय समस्याको पहिचान जरूरी –२



क्रमस...

नेपालको प्रशासन संयन्त्र विकासको नाउमा बिनास हुदैं गएका केही बुँदा हुन् :

- गलत राजनीतिले गर्दा कर्मचारीको राष्ट्रिय हितप्रतिको बेवास्ता व्यापक रूपमा बढ्दै गएको छ ।
- राजनीति र प्रशासनका बीच समन्वयको कमी हुँदै गएको छ ।
- तनाव झन् बढ्दै गएको छ ।
- शासन लालफिताशाही तथा भ्रष्टाचारयुक्त भएको छ ।
- यसले तमाम विकासका काममा तगारोको रूप लिएको छ ।
- व्यक्तिगत स्वार्थका लागि सामाजिक नारा बुलन्द गराइएको छ ।
- फलतः हरा जंगल ध्वस्त भए, बाटा-घाटा, पौवा, सार्वजनिक कुलो, चौतारा, पानीघाट आदि बिग्रेका बिग्रियै भए । बिग्रेका यी चीज मर्मत भएनन् ।
- कुटीर उद्योग बन्द भए ।
- अप्रत्यक्ष रूपमा देशमा आमदानी बिग्रँदै गएको छ ।
- काल्पनिक आर्थिक संकट देशमा देखा परिसकेको छ ।
- बहुमूल्य प्राकृतिक सम्पदा ध्वस्त भएका छन् । सबै क्षेत्रमा राष्ट्रिय क्षति र विध्वंसक कार्य भएका छन् ।

माथि उल्लेखित अबांछित कुरा हुनुको मूल कारण जनभावना अनुकूलको परिपाटी नहुनु पनि हो । किनकि :

- नेपालको भौगोलिक स्थिति संसारभरमा आफ्नै प्रकारको छ ।
- नेपालको इतिहास, संस्कृति र परम्परा आफ्नै प्रकार छन् ।
- नेपालको आर्थिक स्थिति आफ्नै प्रकारको छ , तर,
- हाम्रा प्रशासनिक राजनैतिक, आर्थिक, सामाजिक परिपाटी प्रायः अनुकरण गरिएका छन् ।
- त्यसमा काम गर्ने नगन्य कर्मचारीको दिमाग अरू नै देशको राजनैतिक, सामाजिक र केही हदसम्म आर्थिक स्थितिले विकृत हुनुका साथै भौतिक प्रभावले समेत मिचिएको छ ।

यिनीहरूको विदेशी तालीममा नेपालीपन ल्याउने क्षमता भएन । प्रशासनिक संगठन पनि अरू नै वातावरणबाट आयो । यस्तो अवस्था पाई विदेशी सहयोगमा पनि अरू नै वातावरणले प्रशस्त प्रभाव पार्‍यो । यसले भौतिक रूपमा केही सकारात्मक विकासका नमूना देखाए तापनि जनभावनामा प्रतिकूल असर पर्‍यो । फलस्वरूप गुणात्मक अर्थतन्त्र नै गिर्‍यो ।

नेपालको बहुमुखी विकासकालागि अरू देशले गरेका र अरू देशमा भएका सबै चीजको आवश्यक्ता महसुस अवश्य गरियो । सबै तहमा विकास गर्ने उद्देश्यले खर्च लगाइयो । यी परियोजनाहरूले के फाइदा दिन्छन् वा त्यसको अप्रत्यक्ष प्रतिक्रिया के हुन्छ भन्ने कुरा स्पष्ट नहुनाले र खर्चको लापरवाहीले आँटे-गरे अनुसारका कार्य पूर्ति हुन सकेको छैन । जनता र देशलाई त्यति फाइदाजनक हुन सकेको देखिँदैन । बहुमुखी फाइदा हुने ठाउँमा एकोहोरो काम भएको छ । ठाउँका सही छनौट भएका छैनन् । नेपालका कच्चा पदार्थ सदुपयोग हुने कारखाना, साधारण नेपालीको रोजगार बढ्ने अवस्था, तल्ला तहलाई फाइदा हुने सोचाइहरू, प्रतिव्यक्ति आय बढ्ने र देशको आर्थिक स्थिति सुध्रने योजनाहरू सञ्चालन भएनन् ।

दिगो सोच र योजनाको कमी :

संक्षेपमा भन्नु पर्दा नेपालमा धेरैखाले जनजाती छन् , ती पिछडिएका छन् र तिनका समस्या छन् । उत्पीडित जाती छन्, तिनका पनि समस्या छन् । यहाँ जातीय अथवा वर्ण जाती विभेदको समस्या छ । अन्तरजाती र सजाती शोषणका समस्या छन् । महिला विभेदको समस्या छ । क्षेत्रीय विभेदको समस्या छ । भाषिक विकासका समस्या छन् । आदिवासी र बसाइँसराइँ गर्नेहरूका समस्या छन् । यी सबै खाले समस्याहरू एकातिर संवेदनशील रूपमा आ-आफ्नै ठाउँमा विद्यमान छदै छन् भने अर्कातिर शोषित, पीडित, दलितहरू स्वयं उत्थानकालागि सक्षम छैनन् भने यस तर्फ सरकारको दीर्घकालिन नीति तथा कार्यक्रमहरू पनि छैनन् ।

यिनको समष्टि जात वा बर्गको उत्थान नहनुमा राज्यको तर्फबाट दुई तर्फी गल्ती हुनु हो । पहिलो गल्ती अभिलेख नहुनु र अर्को राष्ट्रिय मूलनीति नबन्नु हो । त्यो भएको भए, एउटा उदाहरण लिऔं बोटे जातीको, घाटघाटमा पुल बनेपछि उनीहरूमा पर्ने प्रभावको । त्यसका आधारमा बोटेलाई विशेष व्यवसायिक शिक्षाको व्यवस्था राज्यले गरिदिनु पर्दथ्यो । वोटेहरूले बोटिङ मत्स्य पालन, पौडी गोताखोरी जस्ता विषयमा उच्च स्तर सम्मको व्यावसायिक शिक्षा पाउनुपर्दथ्यो, सो भएन । सिद्धान्त विनाको व्यावहारिक वंशज ज्ञानमात्र भएकाले त्यसले सृजनशील विवेकको प्रयोग गरेर समय सापेक्ष रूपमा आवश्यक सुधार गर्न सकेनन् । अव त्यो जात नै पछाडि परेको छ । अब ऊ दलित, पीडित वा जनजातीमा गनिएको छ । उसलाई गाविस, जिविस वा संसद्मा एउटा सिट आरक्षण गरिदिने नारा लगाउँदै छन् दलहरू, यो पछाडि पारि राख्ने अर्को भुल हो । आरक्षणले त्यो जात उत्थान हुन्छ कि सम्पूर्ण बोटेले व्यवसायिक र उच्च शिक्षा पाएर ?

राज्य तर्फबाट दास्रो गल्ती त्यस वखत भयो जब डुँगा चलाउने ठाउँमा पुल हाल्ने योजना शुरू भयो । प्रत्येक पुल हाल्दा घरधुरी वाली उठाएर जीवन धान्ने वोटेको विकल्प रोजगार केहो भन्ने कुरा राज्यले वेवास्ता गर्‍यो । यसरी एउटा निर्माण गरेर अर्को विनाश गर्ने अझ भनौं सानो कुरा निर्माण गरेर ठूला कुराको विनाश गर्ने परम्पराले हामीले सबैको जीवन स्तर उचाल्ने पद्धति विर्सियौं । 'सर्वे भवन्तु सुखिनः' सूत्रको नै अपव्याख्या गर्‍यौं ।

यसरी हामीले दैनिक जीवनका आवश्यक्तामा आधारित माटाका भाँडा, जरिबुटी, खल, लोहोरो-सिलौटो, कागज, कम्बल, चोया पोत्रा, ठेका ठेकी जस्ता हजारौं रोजगारलाई व्यावसायिक गर्न सकेनौं । प्रविधिलाई जोगाउन हुर्काउन सकेनौं । हाम्रो वैदिक सिद्धान्तविपरीत नारीलाई आफ्नो क्षेत्रमा पुरूष सरह शिक्षा र रोजगार दिन सकेनौं । फलतः लैगिक द्वन्द्वलाई निम्ता दियौं । त्यसै गरेर जातीय, स्थानीय, भाषिक, सांस्कृतिक द्वन्द्वलाई निम्ता दियौं । आज पनि हामीले राजनीतिकरण गरेर दलका मुठीभर नेताको निहित स्वार्थकोलागि हामीले आफ्नो जात, वंश, संस्कार र संस्कृतिलाई तिलाञ्जली दिइरहेका छौं । त्यसो गर्न हामीलाई दाता र गैससका रूपमा देखिएका विदेशी सल्लाहकार साक्षी बसेर अझै झुक्याई रहेका छन् ।

पुर्ख्यौली पेशा र संस्कार नमिल्ने योजना

आज वोटेलाई माथि भने जस्तै व्यवसायिक शिक्षा दिएको भए उनीहरू नेपालका सबै नदी, खोला र तालका मालिक हुन्थे । उनीहरू ठूलठूला गोताखोर र पौडीवाज हुन्थे । जलक्रीडा र त्यससँग सम्बन्धित पर्यटन उद्योगका मालिक उनीहरू नै हुन्थे । नेपालका मत्स्य विशेषज्ञ र मत्स्य उद्योगपति उनीहरू नै हुन्थे । चिसो पानीका मिठा असला महंगा माछा निर्यातकहरू उनीहरूनै हुन्थे र उनीहरूले नै जल प्रदूषण हुनेबाट देशलाई बचाउँदथे ।

यदि राज्यले उक्त दुई गल्ती नगरेको भए कुमालेले आर्थिक र मानसिक दुबै अवस्थामा कमजोर हुनु पर्दैनथ्यो । यी दुबै स्तरमा मानिस माथि उठेपछि जात लुकाउने र आरक्षण माग्नु पर्ने थिएन । जातले छेक्ने थिएन ।

सिद्धान्ततः नेपालको जातीय समस्या वर्गीय समस्यासँगै समाधान हुन सक्तछ । आज यदि राष्ट्रले राष्ट्रिय मूलनीति बनाएर अद्यावधिक अभिलेखका आधारमा वंशज रोजगारलाई व्यवसायिक रोजगार बनाइदिएको भए नेपाल उहिले नै "विकसित" र "उन्नत" देशमा स्थापित भईसक्ने थियो । हामीले आफ्नो खाँचोको शिक्षा खास गरेर व्यवसायिक शिक्षा अपनाउन नसक्नुमा विदेशीको लहैलहैमा दौडनुले हो । अझ त्यतिले नपुगेर वंसज सीप हस्तान्तरण गर्ने व्यवसाय (जस्तैः माटाका भाँडा, गहना, काठका काम, कविराजी, बुनाई, सिलाई) लाई पनि "बालश्रम" को नारा लगाएर नयाँ पुस्तालाई सिक्नबाट वञ्चित गराइएको छ । त्यसरी बालश्रमको अपव्याख्या गर्ने हो भने त स्कूलमा पढ्नु र खेलकुद गर्नु पनि शोषण हो । बिज्ञापन र फिल्म/नाटकमा खेल्नु पनि शोषण हो । बरू घरमा सिकिने पैत्रिक/वंशज व्यवसायलाई नै विद्यालयमा पनि त्यही विषयको सैद्धान्तिक व्यवसायको ज्ञान दिन आवश्यक थियो ।

यदि त्यसो गरेको भए आज दमाईहरू नेपालका गार्मेन्ट उद्योगका मालिक हुने थिए । उनीहरू वाद्यवादन स्टुडियोका मालिक हुने थिए । गाइनेहरू होटल, फिल्म उद्योगपति हुने थिए अथवा सिनेमा हल मालिक बन्ने थिए । अनि त्यस्तै हुने थिए वादीहरू । कुसुण्डा र चेपाङहरू, रेड इण्डियन र एबोरिजनहरूले जस्तै आफ्नो संस्कृतिका म्यूजियम खडा गरेर पर्यटन केन्द्र स्थापित गर्ने थिए । कविराजले आफ्ना छोराछोरीलाई एलोपैथी चिक्तिसक बनाउनुको स-ा आयुर्वेदिक विश्व विद्यालयबाट चिक्तिसक उत्पादन गरेर नेपाल भरी जडिबुटीको खेतीले भर्ने थिए तथा लाखौ नेपालीलाई रोजगार दिएर वर्षिनै अरबौं रूपैयाँको औषधि निर्यात गर्ने थिए ।

सार्की जाती जति बाँसवारी जस्ता छाला जुत्ता कारखानाको मालिक हुने थिए । अन्यलाई आफ्ना कर्मचारीमा नियुक्ति गर्ने थिए । प्रजापति अथवा कुमालेहरूले माटाका पुरातन पद्धतिलाई बदलेर केओलिन, चाइनाक्लेका विशाल उद्योगका मालिक हुने थिए ।

छन्त्यालहरूले खानी, टनेल र ढुङ्गा उद्योगलाई आधुनिकीकरण गरेर विश्वमा प्रतिष्ठा मात्र कमाउने थिएनन् बल्कि ढुंगाका ईटा निर्यात गरेर सुनका इटा भित्र्याउने थिए । मगरहरूमा विद्यमान अपार सीप, लगनशीलता र मिहिनेतले नेपाली घरेलु हस्तकलाले विश्व बजार ढाक्ने थियो । त्यस्तै हुने थियो गुरूङ, राई, लिम्बु, तामाङ आदि जनजातीको अवस्था । उपाय बाँकी छ । त्यो हो "व्यवस्थित वस्ती मोडेल" । क्रमस

# फागुन २१ को निर्वाचनले दिएको जनादेश



सुरेशकुमार पाण्डे

२१ फागुनमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भयो । त्यसको नतिजा पनि सार्वजनिक भयो ।यो लोकतन्त्र हो यसमा हार जित हुनुलाई स्वभाविक रूपमा लिनुपर्छ ।नेपालमा करिव ६८राजनैतिक पार्टी र कहिं स्वतन्त्र उमिदवारहरूले पनि भाग लिएका थिए । यी मध्य कुल ६ पार्टीहरूले थ्रेसहोल्डको सिमाना नागेर राष्ट्रिय दलको रूपमा अहिले मान्यता पाउन सफल भएकाछन् ।

वास्तबमा थ्रेसहोल्ड भनेको एकजना उमेदवार सहित सदर मतको ३ प्रतिशत भोट प्राप्त गर्न अनिवार्य हुन्छ ।

अहिले देशमा सबैभन्दा बढी सिट लिएर पहिलो राजनैतिक पार्टी बन्न पुगेको रास्ट्रिय स्वतन्त्र पार्टी,जसले १२५ र ५०प्रतिसत भन्दा बढि मत प्राप्त गर्न सफल भएको छ ।त्यसपछि नेपाली कांग्रेसले दोस्रो स्थान १६%, एमाले तेस्रो १३% ,नेपाल कम्युनिष्ट पार्टी ७% ,राप्रपा ३% र श्रमसंस्कृत पार्टी ३% मत लिएर राष्ट्रिय दल बनेका छन् ।

उनिहरूलाई चीन, भारत, पाकिस्तान, भुटानले बधाई पनि दिएका छन् । अहिलेको निर्वाचनमा खास गरेर अमेरिकाको चासो बढि देखिएको छ ।

हाम्रो देश अहिलेसम्म सङ्घीय गणतान्त्रिक मानिन्छ जसमा निम्न प्रदेशमा निम्ननुसार सिटहरू छन् ।(१ ) कोशी प्रदेशमा -२८ सिट, (२)मधेश प्रदेशमा -३२ सिट, (३)बागमती प्रदेशमा -३३ सिट, (४) गण्डकी प्रदेशमा -१८ सिट, (५)लुम्बिनीमा-२६ सिट, (६)कर्णाली प्रदेशमा -१२सिट, (७)सुदुरपश्चिम प्रदेशमा -१६ सिट गरी जम्मा १६५ सिट प्रत्यक्षमा रहेका छन् ।

त्यही प्रकारले देशभित्र समानुपातिकरूपमा ११० सिट छन् ।

अहिले राष्ट्रिय स्वतन्त्र पार्टी (घन्टी) ले एकलौटो रूपमा दुइ तिहाईको करिब पुगेको छ प्रत्यक्ष र समानुपातिक गरी १८३ सिट हासिल गरेर रिकार्ड तोड सफलता हासिल गरेको छ ।राम्रो हो जित हासिल गर्नु त्यस माइनेमा उनिहरू बधाईका पात्र छन् ।सफल कार्यकालको निमित्त हाम्रो तर्फबाट शुभकामना पनि छ ।उनिहरूलगायतका सम्पूर्ण राजनैतिक दल र प्रधानमन्त्री शुशिला कार्की लगायतका चुनाव आयोग प्रसासन चुनावमा खटेका सबैले देशको एउटा जटिल अबस्थामा शान्तिपूर्ण तरिकाले चुनाव सम्पन्न गराएर देशलाई एउटा सङ्कटबाट मुक्त गराएका छन् । त्यसमानेमा सबैजना देश प्रति संवेदनशील छन् भन्नेबारे प्रष्ट हुन्छ ।खास गरेर सम्मानिय प्रधानमन्त्री शुशिला कार्कीको अहिले देश विदेशमा अत्याधिक प्रसंसा भएको छ ।एउटी महिलाले देशमा छोटो समयमा अन्तरिम सरकारबाट निर्धारित गरेको मितिमा निर्वाचन सम्पन्न गराउन सफल भएको ऐतिहाशिक तथ्य पनि हो । यद्यपि उनि माथि असंवैधानिक र गैर कानुनिरूपमा अन्तरिम सरकारमा प्रधानमन्त्री बनेको आरोप पनि लागेको छ ।तर अहिले त्यो सबै कुरा भुलेर आम नागरिकहरू उनको प्रसंसक बनेकाछन् । देशलाई सङ्कटबाट बाहिर निकाल्न सरकार को अहम भूमिका रहेको छ ।

अहिले चुनाव पछि बिभिन्न तर्क बितर्क हुनु र बिभिन्न टिका टिप्णी र आसङ्काहरू जन्मिनुलाई पनि अस्वभाविक भन्न सकिदैन । यो देश सबै देशबासिहरूको हो ।सबैलाई आफ्नो देशको माया र चिन्ता हुन्छ नै ।पुँजिवादी जनतन्त्रमा जनताले आफ्नो हक अधिकारको शान्तिपूर्ण तरिकाबाट प्रयोग गरिसकेका छन् । देशमा अस्थाई सरकार वर्षैपछि नयाँ सरकार र आलोपालोबाट जनता अत्यान्तै दुखि थिए ।त्यही आक्रोशको परिणाम अहिले घन्टीलाई दुइ तिहाई मत दिएर स्थाई सरकार बनाउन सहयोग गरेका छन् ।

यो जित उनिहरूले जनतामा पटक पटक आफूले सङ्घीयता खारेजीका आस्वासन पनि बांटे । साथै भ्रष्टाचार अन्मुलन गर्ने र देशभित्र रोजगारको ब्यवस्था गर्ने भरोसा दिलाएकाले पनि विदेश स्थित नेपाली श्रमजिविहरूको मत प्राप्त गर्न सकेका हुन भन्ने मलाई लाग्छ । अहिलेसम्म रवी लामिछाने सहकारी ठगी प्रकरणबाट क्लिनचिट पाएका छैनन् । उनले जितेपनि संसदमा सफद खान नमिल्ने र पुनः त्यो सिटमा निर्वाचन् हुने समाचारहरू पनि आइरहेकाछन् । आर्कोतर्फ भर्खरै जितेर संसदमा पुग्दानपुग्दै उनिहरूका आपसि विचारहरूमा केही बिवाद देखिन्छ ।

अर्कोतर्फ अमेरिकी एमसीसी, चीनको बीआरआई र भारतको प्रभाव र दबाबलाई कसरी झेल्छन्, कुन प्रकारको नीति लिन्छन्, त्यो महत्वपूर्ण मानिएको छ । र, रास्वपा सरकारले राष्ट्रियता, जनतन्त्र र जनजीविकाको बारेमा कस्तो निर्णय लिन्छन् त्यही अनुपातमा बिरोध र समर्थन रहिरहने छ ।

कुनैपार्टीले जित्न सकिन भन्दैमा त्यो पार्टीलाई मतको आधारमा कम्जोर ठान्नुपनि गलत हुनेछ । उनिहरूको देश र जनताको बिषयमा उनिहरूले अगाडी सारेका धारणाहरू प्रमुख हुन्छन् ।

बालेनले दलगत विद्यार्थी संगठन र कर्मचारी संगठनहरू खारेज गर्ने विचार अगाडी सारेकाछन् । यो विवादको विषय हो । कतिपय युनियनका सिमाहरू निर्धारित हुनसक्छन् । तर लोकतन्त्रमा सबैलाई बोल्ने लेख्ने र संगठन गर्ने छुट लोकतन्त्रको रिढ नै हो । अधिकारबाट वन्चित गर्नु सही हुनेसक्दैन ।

बरू संवेदनसिल ठाउमा भएका केही निकायहरूमा रोक लगाउने विचारमा ध्यानदिनुपर्ने हुन्छ । नयाँ सरकारले राष्ट्रियता र लोकतन्त्रलाई बलियो बनाउन गर्नैपर्ने कामकारवाही गर्नुपर्छ ।

नेपाल कृषि प्रधान देश हो कृषकका उपकरणहरू र सिंचाईको ब्यवस्था गर्न सक्यौं भने पहाडि भेगमा पनि अन्न उत्पादन गर्न सकिन्छ । देशमा काम नपाएर विदेशीन बाध्य भएका पौरखि युवाहरूलाई देशभित्र रोजगारको ब्यवस्था गराईदिएर युवाशक्तिलाई देशको विकासमा लगाउन सकिन्छ । विदेशमा लाखौं नेपालीहरूले न्यूनतम ज्यालामा अधिकतम् जोखिमयुक्त कार्यहरू गर्दै आएकाछन् । त्यो शक्तिलाई आफ्नै देशमा आकर्षित गर्नुपर्छ ।

राष्ट्रियताको सवालमा बालेन साह काठमाण्डौका मेहर हुँदा उन्ले आफ्नो आफिसमा देशको चुच्चे नक्सा टांगेका थिए । उन्को त्यो ब्यवहार देखेर धेरै देशभक्त नेपालीहरूले उनलाई समर्थन गरेका थिए । यो विषय पनि भारतसम्बन्धमा चुनौती हुनेछ । कालापानी, लिपुलेख, र लिम्पियाधुरा नेपालको भूभाग हो । त्यसबारे बालेन परीक्षामा हुनेछन् ।

सन् १९५० को शान्ति तथा मैत्रि संधि नेपालका लागि भार भएको छ । यसलाई खारेज गराउनेतिर लाग्लान् कि ? भारतमा काम गरेर अबकास प्राप्त गरेका तमाम् नेपालीहरूलाई फाइदा काम गर्नुपर्नेछ । भारतमा काम गरेर नेपाल फर्कदा सीमामा दिइने दुःख, अत्याचार रोक्न जरूरी छ ।

अहिले शोर्णीम वाग्लेको भनाई ३००प्रतिसत कर छुट गरेर गाडी किन्न सकिने विचार आएको छ । छिमेकी मूलुक भारतमा सत्तरी हजार मूल्यका वाइक हाम्रो देशमा तीन लाख पर्छन् । भारतमा एक पटक किनेपछि विमा बाहेक रोड टेक्स लमसङ हुन्छ । राहत दिने काम गर्नुपर्छ ।

बालेन सरकार भ्रष्टाचारको बिरूद्धमा आन्दोलन गरेर ज्यान गुमाएका ७६ जना नेपालीहरूको लाशमा उभिएको सरकार हो । ती सहिद परिवारका बारेमा सोच्नुपर्छ ।

भ्रष्टाचारले जनता आहाल भएपछि नै राष्ट्रिय स्वतन्त्र पार्टी आज देशमा सबैभन्दा ठूलो र दुई तिहाई बहुमतको शक्तिसाली सरकार बनाएकाछन् ताकि देशमा सुसाशन कायम रहोस् र देशमा हुँदै आएको भ्रष्टाचारको अन्त्य होस् । सुशासनको आशा घण्टी हो । यो जनादेशलाई राष्ट्रियता र जनताको हितका लागि सदुपयोग गर्नुपर्छ । राम्रो काम रास्वपाको परीक्षा हो । अन्यथा लोकप्रियता सकिने छ । जित्नु ठूलो कुरा हो, जितिसकेपछि सफल हुनु अर्को ठूलो कुरा हुनेछ । अहिले घन्टी पार्टीलाई जनताले साथ सहयोग दिए, भरोसा राखे । जनताको विश्वास घण्टीपार्टीले नगुमाओस् ।

# अब यो हुन्छ, त्यो हुन्छ...



बैकुण्ठ भण्डारी
bhandaribai@gmail.com

चुनाव जितेँ भनेत्यसो गर्छु खै के-के हो के-के ! चुनावी परिणाम आइसक्यो, सरकार बन्दैछ । अब हेर्नुछ के हुन्छ ? के के हुनेछ । जनताका आशा र अपेक्षा पूरा हुन्छ कि हुन्न ? कि नयाँ भन्नेले पनि सपनामात्र देखाउने हुन् कि केही काम पनि गर्ने हुन् ?

अहिलेको राजनीतिक परिदृश्य बजारको मेलामा एउटी नर्तकीले मोटा तिघ्रा देखाएर स्त... हल्लाउँदै उफ्रिँदा गज्जबको नृत्य भएजस्तै छ ! अनि विदेशबाट आफन्तले पठाइदिएको आइफोनबाट भिडियो खिच्दै 'वान्स मोर' भन्ने अधबैंशेको धुनजस्तै ! आशामान दाइको आइफोनमा पनि त्यस्तै त्यस्तै दृश्यले आकर्षण गरिरहेको छ ।

फागुन २१ अघिको एउटा दृश्य यस्तो थियो-

घरको गेटमा होचो कदकी, गहुँगोरी भनौं कि काली... । कृति ढोकामा कराईरहेकी छे- 'हैन यी आशामान अंकल कता गएछन् ? कृतिको आवाज सुनेपछि आशामानले बल्ल तल हेरे । 'ए नानी पो ! के कति कामले आयौं ? माथि नै आऊ न । म त यो मोबाइल हेरेर यसमै भुलेछु ।' आशामान तल ओर्लन्छ । ढोकाको चुकुल खोल्दै भन्छन्, 'अनि के कति कामले बिहानै आयौं त नानी ?' 'ल ! अंकल पनि, अब चुनाउ लाग्या छ नि ! त्यही भएर म त अंकलसँग भोट माग्न आको नि,' कृतिले भनिन् । 'एऽएऽ, भैहाल्छ नि । भोट त माग्नैपर्‍यो नि,' आशामानले दयालु पारामा भने, र सोधे, 'अनि भोटचाहिँ केमा हो नि ?'

यत्रा विध्न मान्छेहरू जता लागेका छन् त्यतै नि ! हामी जेन-जी साथीहरूको माग जसले बुझ्छ त्यसैलाई नि । उही त हो, 'टिङरिङ टिङरिङ' ।'

आशामान दाइ्र् ओठ लेप्र्याएको देखेर कृतिले आँखा छड्के पार्दै भनिन्, 'ठिकै हो नि अंकल, परिवर्तन भनेकै यही त हो । मेरा बा समृद्ध नेपाल बनाउन भन्दै उदाउँदो सूर्जे भन्दै बिहान मन्दिरमा बसेर 'टिङरिङ टिङरिङ' भन्दै हुनुहुन्छ । त्यही भएर म पनि अंकलको भोट 'टिङरिङ टिङरिङ ट्वाङ' भन्न आको नि !' 'हुँदैन नानी त्यसमा त ! हाम्रो त बाका पालादेखि नै जे मा हो त्यहीमा दिने हो भोट,' आशामानले भने । कृतिले फकाउँदै भनिन्, 'ठीक छ त अंकल, हजुरले बाका पालादेखि जे गर्नुभएको छ, त्यही गर्नुस् । मैले पार्टी नै फेर्नु कहाँ भनेको छु त ? यो पटकलाई छोरानाति सम्झेर 'घण्टी' मा छाप !'

'कस्तो मथिंगल नै गुमाउनेगरी कुरा गरिन् हो यी नानीले ! उता अस्ट्रेलियामा भाको छोरीज्वाइँले पनि त्यही भन्छन् । अमेरिकामा पुगेर ग्रिनकार्ड छोराबुहारी पनि त्यही भन्छन् । क्यानडामा पिआर लिएका भाञ्जाभाञ्जी पनि त्यही भन्दै छन् । हुँदाहुँदा तिमी पनि यस्तै भनेपछि कसको कुरा सुन्नु हो ?,' आशामानले अलमलिएझैं गरे । 'होइन तिमीहरू के बुझेर यसरी ज्यान फालेर लागेका छौं के ? मैले त कुरै बुझिन । त्यत्तिका चुपचाप 'टिङरिङ'मा छाप भनेर हुन्छ ?,'

**फागुन २१ पछिको अर्को दृश्य-**

रास्वपाले पूर्ण बहुमत, दुईतिहाइकै हाराहारीमा चुनाव जित्यो । चुनाव जित्नासाथ पुराना दलहरूले हार स्वीकार गरे । पुरानामा सिङ्गो प्रचण्डबाहेक कसैले जितेनन् । अब ठूला भनिएका पुराना दलभित्र आन्तरिक नेतृत्वको कलह सुरू भएको छ । चुनाव जितेको रास्वपामा बाचापत्र फाल्ने कि अँगाल्ने बिबाद सुरू भइसकेको छ । एकाध नेताले बाचापत्र थाहा छैन सम्म भन्न भ्याए । पार्टीले नै बाचापत्रमा अडिग रहेको बक्तव्य निकाल्नु पर्‍यो । जनताको नजर जनअपेक्षा पूरा हुन्छ कि हुन्न भन्नेतिर देखिन्छ ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४०   भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८२ चैत ३, March 17, 2026





अन्तिम पातो - शाश्वत शर्मा

# अब राजसंस्था फर्काऔं

निर्वाचन सकियो । नतिजा आयो । देशैभरिका जनताले आरीले पानी खन्याएजसरी रास्वपालाई भोट खन्याइदिए । यो भोटको भारी रास्वपाले बोक्न सक्ला कि नसक्ला ? जिज्ञासा सबैतिर छ । स्थापित दलहरू नेपाली कांग्रेस, एमाले, नेकपा (माओवादी) सबै बढारिए । अब रास्वपाको एकलौटी सरकार बन्ने निश्चित छ । केही दिनमै रास्वपाले सरकारको नेतृत्व गर्नेछ र निर्वाचनका बेलामा आफूल जारी गरेका बाचापत्रअनुसार काम गर्नेछ ।

झापा ५ बाट निर्वाचित रास्वपाका बरिष्ठ नेता बालेन्द्र साहले रास्वपाबाट प्रधानमन्त्रीको पदको सपथ लिनेछन् । त्यसो त यो नेपालमा कसैको भर हुँदैन । रातारात खेल परिवर्तन हुनेठाउँ हो यो । कसको कुन दाउ छ, त्यो पत्तै हुन्न । रास्वपाका सभापति रवि लामिछाने पक्षीय नेताहरूले घुमाउरो पाराले बालेन्द साहको नामप्रति असंन्तुष्टि जनाउने क्रम जारी छ । तर पनि बालेन्द्र साहलाई प्रधानमन्त्री बनाउन रास्वपाको विधान संशोधन गरिने चर्चा पनि छ । जेहोस्, अहिलेसम्मको सरगर्मी हेर्दा र देख्दा काठमाडौं महानगरका पूर्व मेयर बालेन्द्र साह नै प्रधानमन्त्री बन्दैछन् । यो त भयो एकातिरको पाटो । अर्कोतिर सबैभन्दा उदेकलाग्दो पार्टी अर्को देखिएको छ । एकथरि रासंस्थावादीहरूले बालेन्द्र साह र उनको टिमले नेपालमा राजसंस्था पुर्नस्थापना गराइदिने जस्तो अनुमान सार्वजनिक गरिरहेका छन् । युवराज्ञी हिमानी शाह र बालेन्द्र साहको पुरानो तस्वीरलाई सामाजिक सञ्जालमा पोष्ट गरेको गर्‍यै छन् । बालेन्द्र र रास्वपाले वर्तमान संविधान परिवर्तन गर्ने ( संशोधन) कुरा उठाउनासाथ तिनीहरू उक्त संशोधनमा राजसंस्था अटाउने कुरा गरिरहेका देखिन्छन् । बालेन्द्र साह र रास्वपाले निर्वाचनमा राजसंस्थाको कुरा उच्चारण नै गरेका थिएनन् । केही नेताले आलोचना चाहिं गरेका थिए । यथार्थ के हो भने बालेन्द्र साहले ३ महिनाभित्रै संविधान संशोधनको राजनीतिक बहस गर्ने भनिसकेका छन् । बालेन्द्रको त्यो अभिव्यक्ति र फागुन ७ गते पूर्वराजाले दिएको सन्देशमा संवाद, सहमति र सहकार्यको प्रस्ताव जोडिन नसक्ने सवालचाहिं छैन । सबैलाई थाहा छ, राजनीतिक शक्तिहरू संवाद र सहमतिमा नआउँदा नै संविधान, सरकार, संसद सबै असफल भएका हुन् । देशमा ठूलो चुनौति भनेकै राजनीतिक मुद्दाहरू हुन् । ती मुद्दाहरू किनारा नलागेसम्म अस्थिरता, अराजकता हट्नेछैन । भलै रास्वपाले झण्डै २ तिहाई मत ल्याएको होस् । रास्वपाले पाएको जनादेशले देशलाई स्थिरता र समस्याहरूलाई किनारा लगाउन चाह्‍यो भने सक्नेछ । संघीयता खारेजी र हिन्दुराष्ट्र ठूला समस्या हुन् । बहस भयो भने राष्ट्रिय संकट हल हुनसक्छ ।

रास्वपाको सफलताको कडी संघीयताको खारेजी, भ्रष्टाचारीमाथि कारवाही, सुशासनको प्रत्याभूति र रोजगारीको सिर्जना हो । यसका लागि राष्ट्रिय राजनीतिक मुद्दाहरूको छिनोफानो र सहमतिको राजनीति अनिवार्य छ । रास्वपा र बालेनलाई राजसंस्थावादीले मत दिएकै हुन्, मत त कांग्रेस, एमाले, वामपन्थीहरूले पनि दिएका हुन् र त, रास्वपाले ऐतिहासिक जित हासिल गर्न सफल भएको छ । रास्वपा प्रजातान्त्रिक धार हो । यो धारले हराएको वीपी धार छाडेको कांग्रेस र भ्रष्टाचारमा रमाएको कम्युनिष्ट धारलाई नै हो । पूर्वराजा नेपाल निर्माताका सन्तती हुन् । पूर्वराजा नेपाल रहेसम्म राजनीतिक शक्तिका रूपमा रहिरहनेछन् । यो शक्तिलाई यथास्थान नदिने हो भने रास्वपा पनि कांग्रेस, एमाले असफल भएजस्तै नियतिमा पुग्नेछ । यो कुरा रवि लामिछाने र बालेन्द्र साहले राम्ररी बुझेका छन् । रास्वपालाई राष्ट्रको राजनीतिक धार बनाउने र प्राप्त जनादेशलाई कायम राख्ने हो भने पनि रास्वपाले राजतन्त्रवादी शक्तिलाई समन्वय र सम्पर्कमा राख्नैपर्छ । हरेक राजनीतिक पार्टी, थिङ्क टेङ्क, बुद्धिजीवीसँग जस्तै संवाद र सहकार्यमा जुटाउनै पर्छ ।

जसरी गत भदौ २३ र २४ गते जेनजी आन्दोलन, बिद्रोह भयो, त्यस्तै बिद्रोह फेरि फेरि नहोस् भन्ने चाहने हो भने सबै राजनीतिक शक्तिहरूले स्पेश पाउनैपर्छ, पूर्वराजाले पनि यथास्थानको हक राख्छन् । यदि रास्वपाले पनि राजतन्त्र र हिन्दुधर्मलाई बेवास्ता गर्‍यो भने यसको नतिजा ढिलाचाँडो अप्रिय नै आउनेछ । जनता नै सडकमा निस्किए भने कसको के लाग्दो रहेछ ? सबै स्वाह हुन २७ घण्टा पनि नलाग्ने नजिर हामीले भर्खरै भोग्यौं । त्यही नजीरको धक्काले ८ दशक पुराना दलहरूसमेत धरासयी भएर ढले, किनारा लागे । ४ वर्षे रास्वपाले दुई तिहाइ बहुमत ल्याइदियो । यो सबै जनताको आक्रोशको परिणाम हो, यो घटनाक्रमलाई कुनै पनि राजनीति गर्ने प्राणीले बिर्सनु भनेको इतिहासबाट शिक्षा नलिनु हो ।

यो निर्वाचनपछि पक्का भयो, हिन्दुराष्ट्र र राजतन्त्रको एजेण्डा बोक्ने राप्रपाजस्ता पार्टी र लिङ्देनजस्ता नेताको औचित्य समाप्त भइसक्यो । भन्नलाई चुनाव हरूवा पुराना दलहरू रास्वपालाई विदेशीको रिमोटमा चल्ने भनेर आक्षेप लगाइरहेका छन् । यथार्थ के हो भने रास्वपालाई दुई तिहाई मत नेपाली जनताले दिएका हुन् । पुराना दलका कुकर्मको दण्ड जनताले मौन बिद्रोहबाट दिए, रास्वपालाई एकमौका दिने जनताले विवेकपूर्ण निर्णय गरेका हुन् । अब खबरदारी जनताले नै गर्छन्, अब सहीमार्गमा हिडेन र जनताको आशा, विश्वास र अपेक्षालाई नजरअन्दाज गरे भने जनताले नै रास्वपालाई प्रश्न उठाउनेछन् । रास्वपालाई देशभक्ति र राष्ट्रहितमा काम गर भन्ने जनताले हो । चुनावका बेला र चुनाव जितेपछि रास्वपाका नेताहरू राष्ट्रिय झण्डा उठाएको देखियो, राष्ट्रिय झण्डाका सम्मान राख भन्ने जनताले हो ।

# हिजो पार्टीगत भ्रष्टाचार, आज शासकीय सुधार - डा. बिनिता

हप्ता दिन लाग्ला, रास्वपाले देशका सामु गरेका सय बुँदे बाचापत्र, नागरिक करार पूरा गर्ने अवसर पाउने छ । किसानले असारको भेल छोप्नुजस्तै हुनेछ, रास्वपाका लागि यो मौका ।

राजनीति भ्रष्ट बन्यो, कर्मचारीतन्त्रमा राजनीतिकरण गरियो, राजनीति अपराधी बन्यो, कर्मचारीतन्त्र कमजोर । अब्बल शासकीय संयन्त्र कस्तो हुन्छ, के के सुधार गर्न सकिन्छ, रास्वपाको सरकारले गरेर देखाउनुपर्ने छ । रास्वपाका लागि कुनै बाधा अड्चन छैन, जनमत र जनबल पुरै रास्वपासँग छ, अब राष्ट्रअपेक्षा पूरा गर्नुपर्नेछ ।

रास्वपाका सामु कर्मचारीतन्त्र बलियो बनाउनु छ, कर्मचारीतन्त्रलाई जनताको सहयोगीको रूपमा भिजाउनुछ, भ्रष्टाचार नियन्त्रण गर्नुछ, प्रशासनिक सुधारका साथै नागरिकले पाउने सेवा सुविधामा डिजिटलाइज गर्नुछ, भ्रष्टमाथि कारवाही र रोजगारी बृद्धिका लागि आर्थिक बन्दोबस्त मिलाउनु छ ।

हिजोसम्म जनताले सरकार भ्रष्टाचारी भयो, नागरिकले सुविधा पाएनन्, यो देशमा गरिखान नपाइने भयो भन्ने गुनासो मात्र थियो । फागुन २१ को चुनाव र चुनावमा जनताले दिएको जनादेशले जनताको आशा अर्को चरणमा प्रवेश गरेको छ । जनता आफ्ना आशा, भरोसा, विश्वास पूरा भएको हेर्न चाहन्छन् । जनताले आफ्नो इच्छा प्रकट गरिदिएका छन् । यो मतपत्रको विद्रोहबाट जन्मेको रास्वपाको सरकारले कसरी आफ्ना बाचा र करार पूरा गर्ने हुन्, रास्वपाको अग्निपरीक्षा सुरू हुनेवाला छ ।

रास्वपाले सुर्खेतबाट जारी गरेको थियो बाचापत्र र नागरिक करार । यही राजमार्गमा रास्वपाले आफूलाई खरो उतार्नुछ, कुनै पनि दलभन्दा रास्वपा अब्बल भनेर देखाउनु छ । रास्वपाले मेची पुगेर जनतालाई विश्वास दिलायो, महाकाली पुगेर आश्वस्त पार्‍यो, धनुषादेखि हिमाली जिल्ला पुगेर पनि जनतालाई परिवर्तनका बाहक हामी हौं हामीले गरेर देखाउँछौं भनेर जनमन जित्यो, जनमत जित्यो । अब आफ्ना बाचा पूरा गर, नागरिक करार सिंहदरवारदेखि गाउँ गाउँसम्म लागू गरेर देखाउने जिम्मेवारी रास्वपाको हो । रास्वपाका लागि कुनै बहानाबाजीको अवसर हुनेछैन । जनतामा भरोसा छ, लामो समयपछि जनताले नयाँ पुस्तामा विश्वास जनाएका हुन् । यो जनताको आक्रोशको परिणाम पनि हो, विवेकपूर्ण निर्णय पनि हो । जनतालाई निराश पार्नु भनेको निभेको आगो फुक्नु हो । आगो न कसैको भयो, न कसैको हो । आगोको काम भनेको खरानी बनाउनु हो । देश यतिबेला खरानीको थुप्रो बनेको छ । यो खरानीको थुप्रोबाट राष्ट्रिय एकता, सहमति र सहकार्यका साथ काम गर्नुछ, राष्ट्रमा सुशासनको जग हाल्नु छ । रास्वपा यही जनजिम्मेवारी पूरा गर्न आएको हो । चुनौतीसँग सामना गर्नुछ, चुनौतीसँग भाग्ने छुट रास्वपालाई छँदैछैन ।

रास्वपा राजनीतिक नेतृत्वमा छ । प्रशासनिक नीति, नेतृत्व र कर्मचारीतन्त्र असक्षम र भ्रष्ट पारिसकेका छन् पूर्ववर्ती पार्टीहरूले । न्यायालयसम्म अछुत छैन । संवैधानिक निकायहरू भ्रष्ट छन् । सबैतिर पार्टीका मान्छेछन्, पार्टीका कार्यकर्ता छन्, सक्षमहरू अवसरबाट बन्चित छन्, विदेश पलायन भएका छन्, पलायन हुन दौडिरहेका छन् । त्यस्तो फोहर बढार्नका लागि अवसर पाएको हो रास्वपाले । नयाँ पुस्ताले चाहेजस्तै सुधार गर्नैपर्छ । समाजशास्त्री प्रोफेसर रबर्ट इभान्स आफ्नो प्रसिद्ध पुस्तक 'इम्बेडेड अटोनोमी' मा लेखेका छन्- एकदिन देश-संसार हेर्न दुई वटा सिंह चिडियाखानाबाट भाग्छन् र तिनले अलग-अलग बाटो तताउँछन् । पहिलो सिंह बाक्लो वन भएको पार्क भएतिर छिर्छ । भोकको सुरमा नजिकै हिंडिरहेको एउटा मान्छेलाई खाँदाखाँदै ऊ पक्राउ पर्छ । मुसो जस्तो भएर ऊ चिडियाखानामा फिर्ता आइपुग्छ । अर्को सिंहको महिनौं दिनसम्म कुनै अत्तोपत्तो हुँदैन । एकदिन ऊ पनि पक्राउ परेर त्यही चिडियाखानाको खोरमा आइपुग्छ । निकै हृष्टपुष्ट भएर फिरेको दोस्रो सिंहलाई देख्नासाथ कौतूहलपूर्वक पहिलो सिंहले सोधिहाल्छ- यतिका दिनसम्म यसरी सकुशल लुक्ने ठाउँ कहाँ फेला पार्‍यौ साथी ? सरकारको एउटा मन्त्रालयमा । ऊ भन्दै जान्छ- हरेक तीन दिनमा एउटा सरकारी कर्मचारी खाने गर्थें । कसैले थाहै पाउँदैनथे । अनि कसरी पक्राउ पर्‍यौ त ! पहिलोले पुन: सोधिहाल्छ । गल्तीवश एकदिन बिहानको सत्रमा कफी बनाउने कामदार खाएछु । त्यसपछि थाहा पाइहाले र म तत्कालै पक्राउ परिहालें । वास्तवमा यो कथनमा अनेक अर्थ लुकेका छन् ।

भ्रष्ट सरकार कति हुस्सु हुनेरहेछ भन्ने सन्देश पनि छ यो कथनमा । यस्ता कर्मचारीतन्त्रले कसरी काम गर्छ र ?

असफलताको मूल कारण राजनीतिकर्मी अपराधी हुनु र यो अपराधकर्ममा कर्मचारीतन्त्र मिसिनु हो । यस्तो राजनीति र त्यस्तो कर्मचारीतन्त्रलाई सुधार गर्न आवश्यक छ । सुधार नहुने हो भने नयाँ पुस्ताको सरकार पनि कान्छो मामाको भाङ्ग्राको धोती हुनेछ ।

रास्वपाले हेर्नुपर्ने उदाहरण हो- 'रेगनामिक्स' । १९८१ देखि दुई कार्यकाल अमेरिकाका राष्ट्रपति बने रोनाल्ड रेगन । उनले कमजोर प्रशासनलाई बलियो बनाए, रूपान्तरण गरिदिए । यो सुधार विश्वकै लागि उदाहरणीय मानिन्छ । पुग्नु टाढा छ, हिडेर कहिले पुग्ने । यसकारण डिजिटलाइजेशन प्रशासनमा सुधारको उपाय हुनसक्छ । मूलकुरा चरित्रको हो । भ्रष्ट चरित्रलाई बदल्नु गाह्रो हुन्छ । ट्रेड युनियन भ्रष्टाचारको अर्को कारण हो । कर्मचारीमा सेवाभाव हुनुपर्छ, ठगी गर्ने भाव होइन । भ्रष्टाचार नियन्त्रण, प्रशासनिक तथा निजामती सुधार, न्यायिक क्षेत्र सुधार, राजस्व प्रशासन सुधार, सुरक्षा क्षेत्रमा सुधार, सार्वजनिक सेवा देखि आन्तरिक र कूटनीतिक नीतिमा सुधार । सुधार गर्नुपर्ने हरेक क्षेत्रमा आवश्यक छ । जनताले सुधार गर्नकै लागि भारी मत दिएका हुन् । कसरी गर्ने नयाँ पुस्ताले सोचुन् ।

रास्वपाले जनविश्वासको मत पाएको छ । भुइँमान्छेसम्म सुधारको गति कसरी पुर्‍याउने, ध्यान दिनुपर्छ । राज्यले दिनुपर्ने सेवा र नागरिकले पाउनैपर्ने निष्पक्ष समानता, रोजगारी नै सुशासन हो । रास्वपाले गर्छ, गर्नैपर्छ, नयाँ पुस्तालाई सफल पार्नैपर्छ ।


## सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
- विविधतामा एकताको भावना विकास गरौं,
- जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
- चाडपर्व र उत्सवहरू मिलेर मनाऔं,
- घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद सहकार्य बढाऔं,
- आपसी समझदारी कायम गरौं,
- शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं ।

विविधतामा एकता, सद्भाव र सहिष्णुता ।

नेपाल सरकार
विज्ञापन बोर्ड





